राष्ट्रिय 'क' वर्गको पत्रिका
16 Years MISSION
नेपाल सम्वत् ११४६
पुस कृष्ण दशमी
www.missiontodaynews.com
# मिसन टुडे
'सूचनामा तपाईंसँगको साझेदारी'
काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित
राष्ट्रिय दैनिक




वर्ष : १६ | अंक १६३ | पृष्ठ ८ | आइतबार २८ मंसिर २०८२ | (SUNDAY 14 DECEMBER 2025) | मूल्य रु. १०

# सार्वजनिक सुनुवाइ टार्दै कर्णालीका स्थानीय तह

महालेखा परीक्षकको कार्यालयले वार्षिक प्रतिवेदनमा कर्णालीका हरेक स्थानीय तहलाई नियमित सार्वजनिक सुनुवाइ कार्यक्रम गर्न सुझाव दिँदै आएको छ । यसमा स्थानीय तह गम्भीर छैनन् । स्थानीय तहहरुले त्रैमासिक रुपमा वर्षमा कम्तीमा तीन पटक सार्वजनिक सुनुवाइ गर्नुपर्ने कानुनी व्यवस्था छ । तर कर्णालीका अधिकांश स्थानीय तहले वर्षमा एक पटक पनि सार्वजनिक सुनुवाइ नगरेको पाइन्छ ।

**नन्दराम जैशी**
*सुर्खेत, २७ मंसिर*

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहबाट हुने सम्पूर्ण कार्य सम्पादनका बारेमा नागरिकलाई सूचना पाउने अधिकार दिएको छ । उक्त ऐनको दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था छ । जसका लागि स्थानीय तहहरूले बजेट नै छुट्याएका हुन्छन् । तर कर्णालीका अधिकांश स्थानीय तहले यसलाई औपचारिकतामा सीमित बनाएका छन् ।

महालेखा परीक्षकको कार्यालयले वार्षिक प्रतिवेदनमा कर्णालीका हरेक स्थानीय तहलाई नियमित सार्वजनिक सुनुवाइ कार्यक्रम गर्न सुझाव दिँदै आएको छ । यसमा स्थानीय तह गम्भीर छैनन् । स्थानीय तहहरूले त्रैमासिक रूपमा वर्षमा कम्तीमा तीन पटक सार्वजनिक सुनुवाइ गर्नुपर्ने कानुनी व्यवस्था छ । तर कर्णालीका अधिकांश स्थानीय तहले वर्षमा एक पटक पनि सार्वजनिक सुनुवाइ नगरेको पाइन्छ ।

चालू आर्थिक वर्षको दोस्रो त्रैमासिक सकिन करिब ३५ दिन मात्रै बाँकी छ । तर हालसम्म सल्यानको दार्मा गाउँपालिकाबाहेक कर्णालीका कुनै पनि स्थानीय तहले सार्वजनिक सुनुवाइ गरेका छैनन् । प्रथम त्रैमासिकको सार्वजनिक सुनुवाइका लागि हालसम्म सल्यानको त्रिवेणी र कपुरकोट गाउँपालिका र दैलेखको डुङ्गेश्वर गाँउपालिकाले मात्रै सूचना निकालेका छन् ।

नागरिक सरोकार संघ सुर्खेतका अध्यक्ष तीर्थजंग शाहीले वर्षमा एक पटक पनि सार्वजनिक सुनुवाइ गर्न नसक्नुबाट स्थानीय तह नागरिकप्रति उत्तरदायी, पारदर्शी र मितव्ययी नरहेको देखिने बताउँछन् ।




'सार्वजनिक सुनुवाइ गर्नैपरे आर्थिक वर्षको अन्तमा हतार हतारमा गर्ने वा आर्थिक वर्ष सकिएपछि गर्ने चलन छ,' उनले भने, 'कर्णालीका कुनै पनि स्थानीय तहले हालसम्म कानुनी व्यवस्थाअनुसार त्रैमासिक रूपमा सार्वजनिक सुनुवाइ गरेको मैले सुनेको छैन । यो गम्भीर लापरवाही हो ।'

मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पिताम्बर ढकालले स्थानीय तह नागरिकका प्रत्यक्ष सरोकारसँग जोडिने भन्दै उनीहरूका हरेक गतिविधि नागरिकले जानकारी पाउनुपर्ने बताए । 'स्थानीय तहले के काम गर्दछन् ? कसरी गर्दछन् ? र तिनको प्रभाव र परिणाम कस्तो परिरहेको छ ? भन्नेबारे नागरिकले सदैव जान्न खोजिरहेका हुन्छन्,' उनले भने, 'जिम्मेवार स्थानीय तहले नागरिकको यस्तो चासोको सम्बोधन गर्नुपर्दछ, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउनुपर्छ । नागरिकका सुझावलाई आलोचनात्मक होइन, रचनात्मक रूपमा लिनुपर्छ ।'

जनताको नजिकको सरकार भएकाले पनि स्थानीय तहले झन् बढी सार्वजनिक सुनुवाइ गर्नुपर्ने कर्णाली सरकारका पूर्वअर्थ सचिव रविलाल शर्मा बताउँछन् । पात्र र परिवेशअनुसार केही स्थानीय तहले सार्वजनिक सुनुवाइ नगर्ने गरे पनि जनताप्रति उत्तरदायी बन्न सुनुवाइ गर्नैपर्ने उनको तर्क छ ।

**स्थानीय तहको लापारवाही**

कर्णालीका अधिकांश स्थानीय तहले गत आर्थिक वर्षको समेत हालसम्म सार्वजनिक सुनुवाइ गरेका छैनन् । गत वर्ष सार्वजनिक सुनुवाइ नै गर्न नसकेपछि सुर्खेतको पञ्चपुरी नगरपालिकाले पत्रकार सम्मेलन नाममा सार्वजनिक सुनुवाइ गरिएको घोषणा गरेको थियो ।

यो एक उदाहरण मात्रै हो । तर कर्णालीका अधिकांश स्थानीय तहको समस्या उस्तै छ । कार्यरत कर्मचारीहरू जनप्रतिनिधिहरूले नागरिकसँग फेस गर्न नसक्दा सार्वजनिक सुनुवाइ नहुने गरेको बताउँछन् भने जनप्रतिनिधिहरू कर्मचारीको सरुवा, बढुवा र काममा ढिलासुस्तीका कारण सार्वजनिक सुनुवाइ नभएको स्विकार गर्छन् ।

जाजरकोटको जुनीचाँदे गाउँपालिका उपाध्यक्ष वीरेन्द्रबहादुर शाहीले प्रमुख प्रशासकीय अधिकृत सरुवा हुँदा चालू आवको हालसम्म सार्वजनिक सुनुवाइ गर्न नसेकेको स्वीकार गर्छन् । अब आगामी महिनाभित्रै कार्यक्रम गर्ने तयारी गरिएको उनको भनाइ छ । दैलेखको डुङ्गेश्वर गाँउपालिका अध्यक्ष सुन्दरकुमार केसीले कार्य व्यस्तता र कर्मचारी सरुवाका कारण नियमित सार्वजनिक सुनुवाइ गर्न नसकिएको बताउँछन् । डुङ्गेश्वर प्रथम चौमासिकको सुनुवाइ कार्यक्रम गर्न सबै प्रक्रिया पूरा भएको उनको भनाइ छ ।

यता गाउँपालिका राष्ट्रिय महासंघ नेपाल कर्णाली प्रदेश अध्यक्ष निमबहादुर केसीले स्थानीय तहहरूको लापारवाही कै कारण सार्वजनिक सुनुवाइ नहुने गरेको स्वीकार गरे । 'यस विषयमा हामीले महासंघको बैठकमार्फत पनि कडाइका साथ भनेका छौं । स्थानीय

बाँकी दोस्रो पृष्ठमा...

## प्रधानमन्त्रीद्वारा एनपीएल विजेतालाई बधाई



**काठमाडौं ।** प्रधानमन्त्री सुशीला कार्कीले नेपाल प्रिमियर लिग(एनपिएल) को विजेता लुम्बिनी लायन्सलाई बधाई दिएकी छन् । सामाजिक सञ्जाल (फेसबुक)आर्फत प्रधानमन्त्री कार्कीले विजेता टोलीलाई बधाई दिएकी हुन् । बधाई सन्देशमा प्रधानमन्त्री कार्कीले भनेकी छन्,'राष्ट्रिय आत्मविश्वासमा ऊर्जा थप्न सफल यस उत्सवमा सहभागी सबै टिम, आयोजक र समर्थकलाई धन्यवाद ।' लुम्बिनी लायन्सले फाइनल खेलमा साविक उपविजेता सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) को उपाधि जितेको हो । सुदूरपश्चिम भने दोस्रोपटक पनि उपविजेतामै समेटिएको छ ।

## दाङमा पेस्तोल पड्किँदा एक जना घाइते

**दाङ ।** जिल्लाको लमहीमा होटेलमा लुकाइ राखिएको पेस्तोल पड्किँदा एक जना घाइते भएका छन् । लमहीको रातो डाँडास्थित रोयल प्यालेस होटलमा लुकाइ राखिएको पेस्तोल आज पड्किँदा सोही होटेलमा कार्यरत १८ वर्षीय सिशम गौतम घाइते भएका जिल्ला प्रहरी कार्यालयका प्रवक्ता चक्रबहादुर शाहले जानकारी दिए । उनका अनुसार एसीमाथि लुकाएर राखिएको पेस्तोल कोठा सफा गर्ने क्रममा पड्किँएको हो । गौतमको अवस्था सामान्य रहेको जनाउँदै उहाँले घटनाका विषयमा अनुसन्धान भइरहेको बताए । यसअघि गत शनिबार लमहीस्थित एक सुनचाँदी पसलमा गोली चल्दा एक जना घाइते भएका थिए ।

# एमालेले देशलाई गलत दिशामा जान दिँदैन : ओली

**मिसन संवाददाता**
*काठमाडौं, २७ मंससर*

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीले देशलाई गलत दिशामा जान नदिने प्रतिबद्धता गरेका छन् । सो पार्टीको ११औं राष्ट्रिय महाधिवेशनको भक्तपुरको सल्लाघारीमा आयोजित उद्घाटनसत्रलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले अनेक चुनौती र प्रहारलाई चिर्दै एमालेको पक्षमा जनलहर उर्लिएको बताए ।

एमाले कुनै राजनीतिक 'स्टन्ट' नगरी समृद्ध मुलुक बनाउने संकल्पमा अग्रसर रहने जनाउँदै सुशासन र विकास चाहने सम्पूर्ण शक्तिले एमालेलाई साथ दिएको उल्लेख गरे । 'लोकतन्त्र अजेय छ, नेकपा एमाले अजम्मरी छ । लोकतन्त्र र जनताको हितमा समर्पित एमाले जस्तो शक्तिलाई निर्णायक राष्ट्रिय शक्ति बनाउनुपर्छ ।

सिङ्गो देशलाई समृद्ध र सुखी बनाउने गन्तव्यतर्फ हामी अघि बढिरहेका छौं', अध्यक्ष ओलीले भने,'कम्युनिष्ट पार्टी जति बलियो भयो, त्यति नै राष्ट्रियता बलियो हुन्छ । एमाले सामाजिक न्याय र सामाजिक न्यायको सुरुआती अभियन्ता पार्टी हो । नागरिकले जीवनको आधार यही शक्ति हो ।'

एमाले समावेशिताको अगुवा भएको बताउँदै उनले राष्ट्रिय राजनीतिमा एमालेले सबै क्षेत्रको समावेशीतालाई



स्थापित गरेको बताए । एमाले नेपाली विशेषतासहितको समाजवाद निर्माणमा लागेको उल्लेख गर्दै उनले एमाले गाउँमुखी र जनसहभागितामूलक विकास तथा ठूला विकास योजनाको अभियन्ता भएको बताए । महाधिवेशनको विशाल उपस्थितिलाई बेवास्ता नगर्न स्मरण गराउँदै उनले विघटित संसद् पुनःस्थापना हुनेमा आफूहरू विश्वस्त रहेको अध्यक्ष ओलीले बताए । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा घुसपैठका कारण राज्य र राज्यका संरचनालाई कमजोर बनाइए पनि शान्तिपूर्ण र न्यायपूर्ण बलको जगमा लोकतन्त्रलाई फर्काइने अध्यक्ष ओलीको भनाइ थियो । उनले अहिलेको सरकार निर्वाचनको वातावरण बनाउनभन्दा पूर्वाग्रह र संविधानविपरीतका काममा लागेको आरोप पनि लगाए ।



# मिचाहा प्रजाति पहिलो राष्ट्रिय सम्मेलन अजम्मरीको मलको चर्चा

शिवु खनाल
*काठमाडौं, २७ मंसिर*

झाडी र सुकेर भुइँमा झरेका पातबाट सल्किएको आगोले डढेलोको रूप लिँदा वनस्पति र वन्यजन्तुमा ठूलो असर पर्दै आएको छ। डढेलोबाट निस्किएको धुवाँले मानव स्वास्थमा उस्तै असर परिरहेको छ। त्यसैले वन डढेलो नियन्त्रण केही वर्षयता संरक्षणमा काम गर्नेहरूका लागि टाउको दुखाइको ठूलो विषय हो।

लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यका देउखुरीमा रहेको अजम्मरी सामुदायिक वन उपभोक्ता समूहले भने डढेलोको स्रोत उपयोग गरेर आम्दानी गर्ने 'नमुना काम' गरिरहेको छ। लमही नगरपालिका वडा नं. ५ लमहीस्थित अजम्मरी सामुदायिक वन उपभोक्ता समूहले वन मास्ने वनमारा झार, झाडी र सुकेका पातबाट प्रांगारिक तथा जैविक मल तयार पारेर स्थानिय उपभोक्तालाई निःशुल्क उपलब्ध तथा वनले आफैँले प्रयोग गर्न थालेको दुई वर्षभन्दा बढी भयो।

सामुदायिक वनले यहाँ उत्पादन भएको जैविक मललाई स्थानीय उपभोक्तालाई निःशुल्क उपलब्ध गराउँदै सामुदायिक वनले सञ्चालन गरेको जैविक विविधता ग्रीनपार्कमा उक्त मल प्रयोग गर्दै आइरहेको छ।

सामुदायिक वनका अध्यक्ष पवन शर्मा रिजालले वनको अनावश्यक झाडी र पात संकलन गरेर मल निर्माण गर्ने गरिएको बताएका छन्। उनका अनुसार ज्याला दिएर वनले उपभोक्ताबाट पात संकलन गर्छ।




त्यसलाई मेसिनमार्फत काटेर मलमा रूपान्तरण गरिन्छ। करिब एक सय दिनमा तयार हुने मल स्थानीय उपभोक्तालाई निःशुल्क उपलब्ध तथा पार्कमा प्रयोग गर्दै आइरहेको उनी बताउँछन्।

शनिबार वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा तालिम केन्द्रको मुख्य आयोजनामा काठमाडौँमा सम्पन्न भएको पहिलो मिचाहा प्रजाति राष्ट्रिय सम्मेलनमा बोल्दै उनले भने, 'हरेक वर्ष डढेलोले वन सखाप बनाउँथ्यो। वन्यजन्तु, चराचुरूंगीदेखि मान्छेसम्मलाई असर गर्थ्यो। वनमारा झारले रूखबिरूवा बढ्न दिएको थिएन। वनमारा, झाडी, सुकेका पातहरू संकलन गर्न थालेपछि डढोलो लाग्न छाडेको छ।'

अध्यक्ष रिजालले थपे, 'वनका उपभोक्ताले रोजगारी पाएका छन्। किसानले माटो जोगाउने, स्वस्थ बाली फलाउने मल पाएका छन्, पात संकलन गरेर स्थानीय महिलाहरूले दैनिक एक हजार रूपैयाँसम्म कमाउने गरेका छन्, यो वन र नजिकका अन्य वन उपभोक्तासमेत गरेर करिब तीस जनाभन्दा बढीले पात संकलन गर्छन्। असोजदेखि पुससम्म संकलन गरेपछि मल बनाउने काम सुरू हुन्छ।'

'यसले नाफाभन्दा पनि रोजगारी विकास गरेको छ। उपभोक्ताले मल मन पराएका छन्। यो नै ठूलो कुरा हो, यहाँ उत्पादित धेरै मल उपभोक्ता र पार्कभित्रै खपत हुन्छ। बाँकी मल अन्य ठाउँमा बिक्री गर्ने योजनासमेत भइरहेको छ। यसले डढेलोबाट हुने वायुप्रदूषण रोक्छ र माटोको उर्वराशक्ति बढाउँछ। हामीले यस विषयमा एक वर्ष अनुसन्धान गर्‍यौँ। उत्पादन भएको मलले राम्रो काम गर्छ भन्ने प्रमाणित भइसकेको छ। यो गाईको गोबर मलभन्दा पनि प्रभावकारी देखियो,' उनले भने, 'अजम्मरी सामुदायिक वनमा संसारकै लागि नमुना काम भएको छ।'

'रासायनिक मल र विषादीको बढ्दो प्रयोगले माटोको उर्वराशक्तिमा ह्रास आएको छ। वनमा प्रशस्त मात्रामा रहेको वनमारा झार, घाँस, झाडी, पातहरूको प्रयोग गरेर पर्याप्त जैविक मल उत्पादन गर्न सकिन्छ। यो रासायनिक मलको विकल्प बन्न सक्छ,' अध्यक्ष रिजालले भने, 'पहिले प्राकृतिक रूपमा यसरी नै चलेको थियो। अब पनि प्राकृतिक स्रोत, साधन प्रयोग गरेर प्राकृतिक पद्धतिबाटै बिग्रिएको माटो सुधार्न सकिन्छ।'

एनले वातावरण जोगाउँदै रोजगारी विकास गर्ने अभियानअन्तर्गत अनावश्यक झाडी नष्ट गरेर जैविक मल तयार गर्न थालिएको बताए। डढेलोको मुख्य कारण बनेको नचाहिँदो झाडी व्यवस्थापन गर्दै कृषिमा दिगोपन ल्याउने उद्देश्य रहेको उनले बताए। 'हामी नगरपालिकालाई रासायनिक मलमुक्त बनाउन चाहन्छौँ। यो महत्वाकांक्षी योजना हो। हामी दृढ भएर लागेका छौँ। हामी एउटा सामुदायिक वनबाट सुरू भएको कार्यक्रमलाई पालिकाभित्रका सबै वनहरूमा फैलाउन लाग्छौँ,' उनले भने। अध्यक्ष रिजालका अनुसार एक हजारभन्दा बढी उपभोक्ता सामुदायिक वनसँग जोडिएका छन्। उनीहरूलाई वनपैदवारको सदुपयोग गर्दै रोजगार बनाउने उद्देश्य रहेको छ।

नेपालमा बाह्य मिचाहा प्रजातिको विविधता, वितरण, प्रभाव, नीतिगत अवस्थाको समीक्षा गर्न काठमाडौँमा पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न भएको हो। सम्मेलनमा मिचाहा प्रजाति नियन्त्रण तथा रोकथामका प्रभावकारी नीतिगत र कार्यक्रमगत प्रतिक्रियाका लागि सरोकार भएकाबीच सहकार्य निर्माण गरिएको केन्द्रका उपसचिव सुनिता उलकले जानकारी दिइन्। मिचाहा प्रजातिका कारणले पारिस्थितिकीय प्रणालीमा क्षति पुर्‍याउने, जैविक विविधता र कृषि उत्पादनमा ह्रास ल्याउने तथा स्थानीय बासिन्दाको जीविकोपार्जनमा नकारात्मक असर पुर्‍याउने कार्य निरन्तर भइरहेको उनले बताइन्।

पहिलो राष्ट्रिय सम्मेलनमा अजम्मरी सामुदायिक वनले मिचाहा प्रजातिबाट उत्पादन गर्दै आइरहेको प्राङ्गारिक मलको चर्चा चलेको छ। मंसिर २६ र २७ गते आयोजना गरिएको पहिलो राष्ट्रिय सम्मेलनमा मिचाहा प्रजातिसम्बन्धी विश्वव्यापी तथा राष्ट्रिय मुद्दामा विविध सरोकारकाहरू बीचमा उक्त वन उपभोक्ता समूहले मिचाहा प्रजातिबाट उत्पादन गर्दै आइरहेको प्राङ्गारिक मलको विषयमा चर्चा चलेको हो।

पहिलो राष्ट्रिय सम्मेलनमा विभिन्न प्रदेशबाट सहभागीहरू अनुसन्धानकर्मी, वन संरक्षणकर्मी, सरोकारवालाहरूले अजम्मरी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पवन शर्मा रिजाललाई सामुदायिक वनले मल उत्पादान गर्दै आइरहेको विधि, त्यसको प्रयास, लागत स्टिमेट, तालिमको अवधिलगायत अन्य विविध विषयमा केन्द्रित भई जिज्ञासा राखेपछि त्यसको विषयमा अध्यक्ष रिजालले जानकारीसहित आफ्नो महत्वपूर्ण प्रस्तुती राखेका थिए।

## पहिलो पृष्ठको बाँकी

### सार्वजनिक...

तहको लापारवाहीले नागरिकलाई सुसूचित हुने अधिकारबाट वञ्चित गर्न हुँदैन,' उनले भने, 'कतिपय पालिकाले लापरवाही गरेर सार्वजनिक सुनुवाइ नै गर्दैनन् भने कतिपय कार्यक्रम गरेर पनि कागजमै सीमित राख्छन्, यसबारे सबैलाई जानकारी दिन वेवसाइट अपडेटदेखि सामाजिक सञ्जालको पनि प्रयोग गर्नुपर्छ।'

नगरपालिका राष्ट्रिय महासंघ नेपाल कर्णाली प्रदेश अध्यक्ष हस्त पुनले स्थानीय तहले कानुनी व्यवस्थाको ठाडो उल्लंघन गरेको बताउँछन्। 'महासंघको बैठकमा पनि सार्वजनिक सुनुवाइसँगै स्थानीय सरकारमा वित्तीय अनुशासन पालना, बेरुजु फछ्र्यौट र सुशासन प्रवर्द्धनका सम्बन्धमा छलफल हुन्छ,' उनले भने, 'तर कार्यान्वयन पक्ष फितलो छ। यसमा हाकिमहरू सरुवा र बढुवा भइरहेने हुँदा समस्या आउने गरेको छ।'

**सुशासन प्रत्याभूत गर्ने नीति**

कर्णाली प्रदेश सरकारले नागरिक उत्तरदायी संयन्त्रहरूमार्फत प्रदेश सरकार र स्थानीय तहका गतिविधिमा सुशासन प्रत्याभूत गर्ने नीति लिएको छ। जसअनुसार समग्र प्रशासकीय निर्णयहरू तथा कार्यान्वयन प्रक्रियालाई पारदर्शी बनाउन नियमित सूचना प्रवाह, सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण जस्ता कार्यमा जोड दिइएको छ।

प्रदेश अर्थसचिव यज्ञ पुरीले प्रदेश मातहतका कार्यालयको तुलनामा स्थानीय तहले ठूलो बजेट खर्च गर्ने भएकाले पनि त्यहाँ नियमित सार्वजनिक सुनुवाइको खाँचो हुने बताए। 'सुनुवाइ कार्यक्रम गर्नसक्ने केही स्थानीय तहले गरिरहेका पनि छन्। तर अधिकांशले नगरेको देखिन्छ,' उनले भने, 'बढी विवाद हुने पालिकामा जनप्रतिनिधिले फेस गर्न नसक्दा पनि सुनुवाइ हुँदैन भने कतिपयमा दक्ष कर्मचारीको पनि व्यवस्था नहुँदा समस्या भएको छ।'

कर्णालीमा सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा छरितो बनाउन सूचना प्रविधिको प्रयोग गरी सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गरिँदै लगिएको उनले बताए। 'सार्वजनिक प्रशासनलाई नतिजामुखी बनाइ राष्ट्र निर्माण र विकासप्रति प्रतिबद्ध एवम् सक्षम बनाउने प्रयास गरिएको छ,' उनले थपे, 'यस प्रदेश र स्थानीय तहका संगठन एवम् व्यवस्थापन अध्ययन गरी सोको आधारमा जनशक्ति र संगठन संरचनालाई चुस्त र दुरूस्त बनाउने तयारी छ।'

उनका अनुसार प्रदेश सरकार स्थापना भएपश्चात् समग्र कर्णाली प्रदेशको सुशासन प्रवर्द्धनको लागि कर्णाली प्रदेश सुशासन ऐन, २०७६, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ लगायतका ऐन र नियमावलीहरू तर्जुमा गरी कार्यान्वयनमा रहेका छन्।

प्रदेशको सन्तुलित र समष्टिगत विकासका लागि आवश्यक नीति तथा रणनीतिक योजना बनाउन र नीति निर्माणमा प्रदेश सरकारलाई सहयोग गर्न कर्णाली प्रदेश योजना आयोग रहेको छ। कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनको चरणमा छ।

**यस्तो छ, कानुनी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) र स्थानीय तह सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ अनुसार हरेक स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गरी पारदर्शी र जवाफदेही बनाउने व्यवस्था छ।

सबै तहको सरकार वा सार्वजनिक सेवाप्रदायक तहहरूबाट प्रवाह गरेका सेवामा नागरिकका सन्तुष्टि/असन्तुष्टि के छन् ? र सेवा सुधारका लागि थप के-कस्ता उपाय अपनाउनुपर्छ ? भनेर सेवाप्रदायक, सेवाग्राही र नागरिकका बीचमा सहभागितात्मक अन्तरक्रिया गरी सुधारका उपाय स्थानीय तहमा अवलम्बन गर्नुपर्ने उल्लेख छ।

स्थानीय सेवाग्राही र सेवाप्रदायक अधिकारीबीच सार्वजनिक चासोका विषयमा जानकारी आदानप्रदान गर्ने र हाकाहाकी प्रश्नोत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाइ भनेर बुझिन्छ। यस्ता मञ्चमा स्थानीय तहले प्रवाह गर्दै आएको सेवा तथा वस्तुको गुणस्तर, व्यक्तिगत तथा सार्वजनिक समस्या आदिबारे नागरिकले सेवाप्रदायक तहका पदाधिकारीसमक्ष जिज्ञासा र गुनासो राख्न पाउँछन्। यसले कामको पारदर्शिता बढाउन र समाधान खोज्न सजिलो हुन्छ।

साथै स्थानीय सेवाप्रदायक तहलाई आफूले दिँदै आएको सेवा तथा वस्तुको प्रभावकारिता कस्तो छ ? भनेर बुझ्न र कमजोरी पाइए सुधारका लागि सुझाव संकलन गर्न पनि यो संयन्त्र प्रभावकारी हुन्छ। सार्वजनिक सुनुवाइलाई नेपाल सरकारले २०६२ सालमा पहिलोपटक कार्यविधि बनाएर सार्वजनिक जवाफदेहिताको औपचारिक संयन्त्रको रूपमा अभ्यासमा ल्याएको थियो।

यसपछि संघीय मामिला मन्त्रालय, शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयले पनि कार्यविधि बनाएर आफ्ना योजनामा लागू गर्दै आएका छन्। सुशासन ऐन २०६४ बनेपछि यो विधि कानुनमा नै समेटिएको हो। ऐनको दफा ३० मा सार्वजनिक सुनुवाइबारे उल्लेख छ। जसमा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाका विधिसम्मत् सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाइ गर्नेपर्ने उल्लेख छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले सार्वजनिक सुनुवाइ सञ्चालन गर्नपर्ने बाध्यात्मक व्यवस्था गरिदिएको छ।

नागरिकले स्थानीय सरकारले प्रवाह गर्दै आएका सेवा-सुविधा, योजनाको पारदर्शिता, सेवा प्रदायकको जवाफदेहिता लगायत विषयमा नियमित रूपमा सार्वजनिक सुनुवाइ गर्ने हो भने त्यस्ता योजनामा भएका कमीकमजोरीलाई सुधार गर्ने र आगामी दिनमा हुन सक्ने अनियमिततालाई नियन्त्रण गर्न सकिन्छ भने स्थानीय सरकारले यसको व्यावहारिक र प्रभावकारी कार्यान्वयन गर्दा त्यसले सकारात्मक प्रभाव पार्ने देखिन्छ।


## MADHUWAN MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE
**Bardiya**
**Lumbini Province, Nepal**

### Invitation for Bids

**First Date ofpublication: 2082/08/28**

1. Madhuwan Municipality Bardiya invites Competitive Bidding from the eligible bidders for the following works.
2. Bidding documents may be purchased upon payment of a non-refundable fee as specified as each item in the following table.
3. Bidder must submit their bid electronically through ppmo's website www.bolpatra.gov.np/egp before or last day 12:00 Noon as mentioned in the table below. Bid Documents after this deadline shall not be accepted.
4. Bids shall be opened in the presence of Bidders' representatives chosen by Bidderson last day for bid submission at 2:00 pm in the office of Madhuwan Municipality, Bardiya.
5. Bids must be valid for a period as specified and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for 30 days beyond the bid validity period.
6. If bidder wishes to submit the Bid Security and bid document cost in the form of cash, the cash should be deposited in the following Account No.

   **Bank Name:** Nepal Bank Limited Sanoshree Branch Bardiya

   **Account Holders name :** Madhuwan Municipality Bardiya

   **Account No:** 15103000001001000001 (Rajaswa) for Bid document Cost

   **Account No:** 15103000003000000001 (Dharauti) for Bid Security.
7. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**1. Table**

| S. N. | Contract Identification No. | Name of Project | Estimated Amount with Vat & PS (Nrs) | Bid Document Cost (Nrs) | Bid Security Amount (Nrs) | Bid Validity period | Last date for bid submission |
|---|---|---|---|---|---|---|---|
| 1 | MG/G/SQ/MNPO-22/2082-83 | Supply of Sanitary Pads | 17,48,560.00 | 1000 | 43,000 | 45 days after bid opening | 14th of Poush 2082 12:00 Noon. |

**Chief Administrative Officer**

# नौ जना व्यक्तित्व सम्मानित




**मिसन संवाददाता**
*नेपालगन्ज, २७ मंसिर*

शाश्वत आचार्य स्मृति प्रतिष्ठान नेपालगन्जले एक कार्यक्रमका बीच साहित्य तथा समाजसेवामा सक्रिय सात जना व्यक्तिहरूलाई सम्मान गरेको छ। साहित्यकार किरण आचार्य र प्रा.डा. जनार्दन शर्माका दिवंगत सुपुत्र शाश्वत आचार्यको २१औं स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा उनीहरूलाई सम्मान गरिएको हो।

साहित्यिक उन्नयनमा महत्वपूर्ण योगदान दिएवापत राप्ती साहित्य परिषद्का केन्द्रीय अध्यक्ष कमलमणि देवकोटालाई 'शाश्वत आचार्य स्मृति पुरस्कार-२०८२' प्रदान गरिएको छ। यसैगरी भाषा, साहित्य, सङ्गीत संस्कृति तथा समाजसेवामा योगदान दिएको भन्दै साहित्यकार संस्कृतिविद् डा.गोविन्द आचार्य, कमल विके निर्मोही, ऊर्दू सायर अब्दुल लतिफ शौक, पत्रकार झलक गैरे, चिकित्सक डा. विनोद कर्ण, हरित अभियन्ता हेमन्तराज काफ्ले, डा. विजय प्रधान, टिएस ठकुरीलाई सम्मान गरिएको हो।

शाश्वत आचार्य स्मृति प्रतिष्ठानका अध्यक्ष प्रा. डा.जनार्दन आचार्यको अध्यक्षता तथा वरिष्ठ साहित्यसर्जक प्राडा कृष्णप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कवि लेखकहरूले रचना वाचनसमेत गरेका थिए।

# राजस्व अनुसन्धान कार्यालयद्वारा वित्तीय प्रगति सार्वजनिक

**मिसन संवाददाता**
*कोहलपुर (बाँके), २७ मंसिर*




राजस्व अनुसन्धान कार्यालय कोहलपुर बाँकेले वित्तीय प्रगति सार्वजनिक गरेको छ। कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका ६ सहित कूल २५ जिल्लामा कार्यक्षेत्र रहेको कार्यालयले वित्तीय प्रगति सार्वजनिक गरेको हो।

कार्यालयले गत आर्थिक वर्ष २०८१-०८२ र चालू आवको २०८२-०८३ को कात्तिक सम्ममा गरेका गतिविधि सार्वजनिक गरिएको कार्यालयका सूचना अधिकारी खड्कप्रसाद उपाध्यायले बताए।

कार्यालयले आर्थिक वर्ष २०८१-०८२ मा कूल ६ करोड २५ लाख ९० हजार राजस्व चुहावट धरौटी संकलन गरेको थियो। राजस्व चुहावट मागदाबी रकम कूल ७१ लाख ८३ हजार रूपैयाँ रहेको कार्यालयले जनाएको छ।

विदेशी विनिमय मुद्दा दायर संख्या १२ वटा रहेको छ भने विदेशी विनियम बिगो मागदाबी रकम ५७ लाख ५१ हजार रूपैयाँ रहेको उनले बताए। विदेशी विनिमय धरौटी रकम १ करोड २५ लाख ३३ हजार रहेको छ। आर्थिक वर्ष २०८२-०८३ को कात्तिक मसान्तसम्म विदेशी विनियम अपचलनतर्फ उजुरी/अनुसन्धान फाइल संख्या २०८१-०८२ मा २४ र २०८२-०८३ को हालसम्म २० वटा रहेको जनाएको छ। धरौटी रकम २०८१-०८२ मा ७९ लाख ९४ हजार र २०८२-०८३ को कात्तिक मसान्तसम्म मा १५ लाख संकलन भएको कार्यालयले जनाएको छ।

२०८२-०८३ को कात्तिक मसान्तसम्म बिगो मागदाबी रकम ४९ लाख रहेको छ। राजस्व चुहावटतर्फ उजुरी/अनुसन्धान फाइल संख्या आर्थिक वर्ष २०८१-०८२ मा ४१ र २०८२-०८३ कात्तिक मसान्तसम्म ७५ रहेको छ। विस्तृत अनुसन्धानबाट फर्छौट संख्या २०८१-०८२ मा ३३ र २०८२-०८३ मा ४४ वटा रहेको छ। धरौटी आम्दानी रकम २०८१-०८२ मा १ करोड ९० लाख र २०८२-०८३ को कात्तिक मसान्तसम्म ९८ लाख रूपैयाँ रहेको छ। बिगो मागदाबी रकम २०८२-०८३ को हालसम्म ९ करोड ९४ लाख र बिगोसहित जरिवाना मागदाबी रकम १९ करोड ८८ लाख रूपैयाँ रहेको छ।

यसैगरी गस्ती परिचालन तथा भीसीटीएस जरिवाना शीर्षकमा २०८१-०८२ मा गस्ती परिचालन ९४ र २०८२-०८३ को कात्तिक मसान्तसम्म ५२ वटा रहेको छ। यस्तै फर्म संख्या २०८१-०८२ मा ११९ र २०८२-०८३ को कात्तिक मसान्तसम्म ४७ रहेको छ। जरिवाना रकम २०८१-०८२ मा ३६ लाख ९० हजार र २०८२-०८३ को कात्तिक मसान्तसम्म १३ लाख ५५ हजार रहेको छ।

# 'जनताले सही राजनीतिक दल नचिने देश झनै संकटमा'

**मिसन संवाददाता**
*बुटवल, २७ मंसिर*

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले जनताले सही प्रकारको राजनीतिक दल रोज्न नसके देश झनै संकटमा पर्ने बताएका छन्। उनले जनताले गलत राजनीतिक दल रोजेका कारण अहिले देश यो अवस्थामा पुगेको बताए।

राष्ट्रिय जनमोर्चाले रूपन्देहीमा शनिबार आयोजना गरेको जिल्लास्तरीय सभामा बोल्दै जनताले नबुझेसम्म देशले निकास नपाउने बताउँदै बुझेर मात्रै मत दिन जनतालाई आग्रह गरे।

मुलुकको अवस्था यस्तो विकराल हुनुमा एमाले, काँग्रेस र माओवादी जिम्मेवार रहेको उल्लेख गर्दै उनले आफूलाई ठूलो दल बताउने तीनै दलले देश र जनताको हितमा काम नगरेको आरोप लगाए।

जनमतको दुरूपयोग गरेर राजनीतिलाई उद्योग बनाउने एमाले, काँग्रेस र माओवादीका कारण जेनजी




आन्दोलन भएको उनको तर्क छ। उनले जेनजी आन्दोलनका मागहरू ठिक भएपनि जेनजी आन्दोलनमा घुसपैठ हुँदा देशमा विध्वंस भएको बताए।

देशमा भारतीय र अमेरिकी साम्राज्यवाद नेपालमा हाबी भएको बताउँदै उनले साम्राज्यवाद नेपालका लागि खतरनाक भएको दाबी गरे।

भ्रष्टाचार र संघीयताविरुद्ध आन्दोलनलाई निरन्तरता दिइएको र राष्ट्रियताको पक्षमा सम्झौताहिन संघर्ष गर्दै आएको एक मात्रै पार्टी राष्ट्रिय जनमोर्चा भएको उनले दाबी गरे।

कार्यक्रममा राजमो केन्द्रीय सल्लाहकार तथा तराई मधेस जनवादी मोर्चाका अध्यक्ष बद्रे आलम, कम्युनिस्ट संग्रहालयका अध्यक्ष चेतनाथ आचार्य, अखिल नेपाल किसान महासंघका नेता चन्द्रबहादुर केसी, नेकपा मसाल रूपन्देहीका प्रवक्ता लालचन्द पन्थ, लोकराज भुसाल, गणेश गौतम, गंगालाल सापकोटा, इन्दिरा ज्ञवाली लगायतले सम्बोधन गरेका थिए।

# पीडालाई बिर्सेर समुदायमा चेतना फैलाउँदै कुष्ठरोग प्रभावित

**भेषराज बस्नेत/रासस**
*राँझा (बाँके), २७ मंसिर*

बाँकेका कुष्ठरोग प्रभावित व्यक्तिले आफ्नो पीडालाई शक्तिमा बदलेर समुदायमा कुष्ठरोगबारे चेतना जगाउने अभियान थालेका छन्।

स्वयं रोगबाट प्रभावित भएर सफल उपचारपश्चात् उनीहरूले स्वयं सहायता समूह गठन गरी लुकेका बिरामीलाई उपचारको दायरामा ल्याउन र सामाजिक लाञ्छना हटाउन सक्रिय भूमिका खेलिरहेका छन्।

जानकी गाउँपालिका-१, साइगाउँ निवासी गुलाम हसमत साई स्वयं कुष्ठरोगबाट प्रभावित छन्। रोगका कारण हात र आँखामा समस्या भएपछि जानकी-३ स्थित साइनिङ अस्पतालमा लामो समय उपचार गरेपछि उनको स्वास्थ्यमा उल्लेख्य सुधार आयो। स्वास्थ्य लाभ गरेपछि उनले कुष्ठरोग प्रभावितको हितका लागि स्वयं सहायता समूह गठन गरेका छन्।

'कुष्ठरोगबाट मैले धेरै दुःख पाएँ, समयमै उपचार गरेर अरू प्रभावितले दुःख पाउन नपरोस् भनेर गाउँ समाजमा सचेत गराउँदै आएको छु,' गुलाम हसमत साई भन्छन्, 'अझै पनि गाउँमा नखुलेका कुष्ठरोग प्रभावित व्यक्तिलाई उपचारको दायरामा ल्याउन हामीले सहजीकरण गर्दै आएका छौँ।'

साईका अनुसार नियमित औषधि सेवन गरेमा कुष्ठरोग निको हुन्छ। स्वयं सहायता समूहका सदस्यले कुष्ठरोगको जोखिममा रहेका व्यक्तिलाई स्वास्थ्य संस्थामा जाँचका लागि पठाउने कार्यमा सहयोगी भूमिका निर्वाह गरिरहेका छन्। 'बाँके जिल्लामै साइनिङ अस्पताल हुनु हाम्रो लागि वरदान सावित भएको छ,' उनी भन्छन्, 'यहाँ कुष्ठरोगको



सहज तरिकाले राम्रोसँग उपचार हुने भएकाले रोग लुकाएर होइन, जाँच गरेर उपचार गरे सञ्चो भइहाल्छ।'

वैजनाथ गाउँपालिका-८ टिटिहिरियास्थित स्वयं सहायता समूहका अध्यक्ष रोहित चौधरीले समाजमा कुष्ठरोगप्रति अझै पनि गलत धारणा रहेको बताउँछन्। 'कुष्ठरोग प्रभावित व्यक्तिलाई गाउँ समाजमा अझै पनि हेयको दृष्टिले हेर्ने र लाञ्छना लगाउने कुसंस्कारले गर्दा बिरामी उपचारको दायरा बाहिरै रहने गरेका छन्,' चौधरी भन्छन्।

कुष्ठरोग प्रभावितको सामाजिक तथा आर्थिक हकहितका लागि सङ्गठित भई आफूहरूले शङ्कास्पद बिरामीलाई अस्पतालमा उपचारका लागि पठाउने गरेको उनले बताए। बाँकेमा कुष्ठरोग प्रभावित व्यक्ति सङ्गठित भई पाँच वटा स्वयं सहायता समूह स्थापना भएका छन्, जसमा करिब १०० जना प्रभावित आबद्ध छन्।

भारतमा कुष्ठरोगबाट प्रभावित भएपछि उपचारका लागि साइनिङ अस्पतालमा आएकी बर्दियाको गेरुवा गाउँपालिका-६ निवासी निर्मला थापाको पनि अहिले स्वास्थ्यमा सुधार आएको छ। घर फर्किएपछि उनले पनि स्वयं सहायता समूह गठन गरेर सम्भावित बिरामीलाई उपचारका लागि अस्पतालमा पठाउन सहयोग गर्ने सोच बनाएको बताइन्।

साइनिङ अस्पतालका प्रमुख मङ्गल थारुका अनुसार स्वयं सहायता समूहमा आबद्ध भएपछि कुष्ठरोग प्रभावित सामाजिक र आर्थिक रूपमा सशक्तीकरणका लागि अगाडि बढ्नसक्ने क्षमतामा विकास भएको छ।

'उहाँहरूले अहिले आफ्नो हकहित सँगसँगै नयाँ कुष्ठरोगीको पहिचान र उपचारका लागि शङ्कास्पद बिरामीलाई अस्पताल प्रेरणा गरेर समाजमा सकारात्मक काम गर्दै आउनुभएको छ,' थारुले भने, 'गुलाम हसमत साई, रोहित चौधरी, निर्मला थापाजस्ता कुष्ठरोग प्रभावितको यो प्रयासले रोगलाई लुकाउने होइन, समयमै उपचार गरेर रोगमुक्त भई समुदायमा सकारात्मक परिवर्तनको संवाहक बन्न सकिन्छ भन्ने सन्देश दिएको छ।'

पश्चिम नेपालमा कुष्ठरोगको प्रेषण केन्द्रका रूपमा रहेको बाँकेको जानकी-३ स्थित साइनिङ अस्पतालमा नयाँ बिरामीको संख्या बढ्दो क्रममा रहेको छ। यो अस्पतालमा गत आव २०८१-८२ मा १७४ नयाँ कुष्ठरोगका बिरामी फेला परेका छन्। यो संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा बढिरहेको अस्पतालका प्रमुख मङ्गल थारुले जानकारी दिए।

साइनिङ अस्पताल आइएनएफ बाँकेले अघिल्लो आव २०८०-८१ मा १४६ नयाँ कुष्ठरोगी पहिचान गरी उपचारका लागि विभिन्न स्वास्थ्य संस्थामा प्रेषण गरेको थियो। अस्पतालका प्रमुख थारुका अनुसार पहिचान गरिएका यी नयाँ बिरामीलाई उपचारका लागि पायकपर्ने नजिकको स्वास्थ्य संस्थामा प्रेषण गरिएको छ। एक वर्षमा १७४ नयाँ बिरामी पहिचान हुनुले रोग पहिचान र उपचारको आवश्यकता अझै उच्च रहेको देखाउँछ।

कुष्ठरोगी पहिचानमा सबैभन्दा धेरै बाँकेका ७१, बर्दियाका ४२, सुर्खेतका पाँच, दैलेखका तीन, जाजरकोटका चार, दाङका पाँच, सल्यानका दुई, प्युठानका दुई, रुकुमका तीन, सुदूरपश्चिम प्रदेशका छ र भारतका ३१ गरी १७४ नयाँ कुष्ठरोगीको पहिचान भएको हो। पहिचान भएकामध्ये ७९ जना ४५ प्रतिशत बिरामीमा कुष्ठरोगको कीटाणु पोजेटिभ रहेको पाइएको उनले जानकारी दिए।

साइनिङ अस्पतालले बहिरङ्ग सेवामार्फत नौ हजार ३८४ पुरुष र नौ हजार ५२४ महिला गरी कूल १८ हजार ९०८ सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रदान गरेको छ। तीमध्ये कुष्ठरोग वा सम्बन्धित समस्या लिएका दुई हजार ७८४ र छाला तथा अन्य स्वास्थ्य समस्या लिएर १६ हजार १२४ सेवाग्राही आउनुभएको अस्पताल प्रमुख थारुले जानकारी दिए।

अस्पतालले कुष्ठरोगीको पहिचान, अपाङ्गता रोकथाम तथा उपचार, कुष्ठरोग सम्पर्क परीक्षण, समुदायस्तरमा छाला तथा कुष्ठरोग पहिचान शिविर, स्वास्थ्यकर्मीका लागि क्षमता अभिवृद्धि तालिम, समुदायमा कुष्ठरोग सचेतना कार्यक्रम, निःशुल्क उपचार सेवालगायत गतिविधि गरिरहेको उनको भनाइ छ।

जिल्ला समन्वय समितिका प्रमुख ज्ञानेन्द्र चौधरीले साइनिङ अस्पताल बाँके जिल्लाको मात्रै नभई पश्चिम नेपालकै प्रमुख उपचार केन्द्र भएकाले यसको प्रभावकारी सेवा प्रवाहमा स्थानीय सरकारलेसमेत आवश्यक समन्वय र सहकार्य गर्नुपर्नेमा जोड दिए।

सम्पादकीय

# खेलकुदमा लगानी आवश्यक

पछिल्ला केही वर्षयता नेपालले पनि विभिन्न खेलकुदका विधाहरूमा राम्रो उपस्थिति जनाउँदै आएको छ। भलिबल, क्रिकेट तथा फुटबल जस्ता खेलकुदमा नेपालले केही वर्षयता विश्वसामु पनि आफ्नो बलियो पकड जमाउँदै गएको देखिन्छ। खेलकुदले पनि विश्वमा नेपाललाई पहिचान दिँदै गएको पाइन्छ। जुन कुरा नेपालीहरूका लागि एकदमै सराहनीय र गर्विलो विषय हो। तर पनि नेपालमा खेलकुद क्षेत्रमा ठूलै लगानीको आवश्यकता देखिन्छ। दक्ष खेलाडी उत्पादन गर्नका लागि सरकारले खेलकुद क्षेत्रमा लगानी बढाउन आवश्यक छ। खेलकुदले जसरी देशलाई चिनाउँछ, जसरी देशका नागरिकले खेलकुदबाट प्राप्त प्रतिफल र सफलताले गौरवान्वित गराउँछ, त्यसैगरी खेलकुद क्षेत्रमा भविष्य र जीवनलाई बलिदान दिएर लागेका समग्र खेलाडीहरूलाई सरकारले उनीहरूको जीवन सुनिश्चित गर्न आवश्यक छ। नेपालमा खेलकुद क्षेत्रलाई अझै पनि हेय दृष्टीबाट हेर्ने गरिन्छ। समाजमा रहेका हरेक परिवारका बच्चाबच्चीलाई सानै उमेरदेखि खेलक्षेत्रमा लाग्ने वातावरण सिर्जना गर्न आवश्यक छ। हरेक परिवार, समाज, तथा सरोकारवालाहरूले विभिन्न विधाका खेलकुदमा उनीहरूलाई समावेश गर्न र खेलकुदप्रति प्रोत्साहन गर्न आवश्यक छ। हरेक विद्यालयले, हरेक स्थानीय सरकारले, हरेक प्रदेश सरकार तथा संघीय सरकारले मात्र नभएर विभिन्न संघसंस्थाहरूले पनि खेलकुद क्षेत्रमा लाग्न र खेलकुदमा पनि भविष्य छ है भनेर बुझाउन जरुरी छ।

खेलकुदले खेलाडीको शारीरिक, मानसिक स्वास्थ्यमा मात्रै सकारात्मक प्रभाव नपारेर देशको इज्जत र गौरवसँग जोड्नु जरुरी छ। त्यसैगरी खेलाडीका आर्थिक अवस्थामा पनि टेवा पुऱ्याउन सरकारसहित सम्बन्धित सरोकारवालाले गम्भीर बनेर लगानी गर्न आवश्यक छ। खेलकुदका दक्ष खेलाडी उत्पादन गर्नका लागि निरन्तर र नियमित प्रतियोगिता तथा प्रतिस्पर्धा आयोजना गर्दै उनीहरूलाई प्रोत्साहन गर्नका लागि विभिन्न योजनाहरू बनाएर कार्यान्वयन गर्न जरुरी छ। खेलमैदान, खेलसामग्री, आवश्यक तालिम लगायतका कार्यहरू निरन्तर गर्न जरुरी छ। खेलकुद क्षेत्रको विकासका लागि पूर्वाधार तथा प्रशिक्षणलाई प्राथमिकता दिन आवश्यक छ। पूर्वाधार निर्माणका साथै तल्लो तहसम्म खेलकुदका गतिविधि नियमित सञ्चालन गर्दै खेलाडीको क्षमता अभिवृद्धि गर्न जरुरी छ। रोजगारी नपाएर दैनिक हजारौँको संख्यामा विदेसिने नेपाली युवाहरूलाई खेलकुद क्षेत्रमा आकर्षित गरेर उनीहरूलाई खेलकुदबाटै भविष्य सुनिश्चित गर्नका लागि पनि यस क्षेत्रमा लगानीको महत्वपूर्ण आवश्यकता रहन्छ। स्थानीय सरकारहरूले सडक, शिक्षा तथा स्वास्थ्यजस्ता पूर्वाधारको विकासलाई मात्रै महत्व नदिएर त्यत्तिकै रूपमा खेलकुदलाई पनि महत्व दिन आवश्यक छ। आमनागरिकलाई खेलकुदका बारेमा व्यापक रूपमा जानकारी गराउन पनि आवश्यक देखिन्छ। खेलकुदको महत्वका बारेमा सम्पूर्ण नागरिकले जानकारी पाएमा यस क्षेत्रमा लाग्नका लागि नयाँ नयाँ उत्पादन बढ्दै जाने सम्भावना देखिन्छ।

पछिल्ला वर्षहरूमा अधिकांश नागरिकको खेलकुद क्षेत्रमा चासो बढ्दै गएको पनि देखिन्छ। खेलाडीहरूलाई संस्थागत र व्यावसायिक रूपमा खगाडि बढाउन सरकार गम्भीर बन्नुपर्छ। खेलकुदसँग आबद्ध संघसंगठनहरू पछिल्ला समयमा खेलकुदको प्रवर्द्धन गर्नुभन्दा पनि आफ्ना मान्छे भर्ना गर्ने, भ्रष्टाचार गर्ने र राजनीतिको थलो बनाउने कार्य भएको देखिन्छ। यसको परिणाम नेपालले अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सफलता हासिन नगर्ने तथा पदक नल्याउने मात्र नभई देश र जनतालाई नै यसले दूरगामी असर पारिरहेको छ। खेलकुदले कुनै देशको इज्जत र सान मात्र नबढाएर यसले जनताको स्वास्थ्यमा सोझो प्रभाव पार्नुका साथै देशको विकास पनि खेलकुदसँग जोड्दछ। जसरी पछिल्ला समयहरूमा खेलकुदप्रति आमनागरिकको जाकरुकता तथा चासो बढको छ, त्यसैगरी सरकार र सम्बन्धित सरोकारवालाहरूले पनि यस क्षेत्रको विकासका लागि सोहीअनुसार लगानीको वातावरण तयार पार्न पनि सक्नुपर्छ। यसक्षेत्रमा लाग्ने हरेक खेलाडीको भविष्यको सुनिश्चिततासँगै आवश्यक प्रशिक्षण, पूर्वाधार, सामग्री तथा प्रोत्साहनका विभिन्न कार्यक्रमहरू सञ्चालन गरी यस क्षेत्रमा लगानी बढाउन आवश्यक छ।

# क्रान्तिकारी कवि तथा साहित्यकार वरवर राव



चिन्तामणि घिमिरे

वरवर राव एउटा यस्तो नाम हो, जो सत्ताको अगाडि झुकेन र झुक्दैन पनि। न दमनले लत्रिन्छ, न बन्दुकले तर्सिन्छ। ऊ आफ्नो युगको आवाज बन्छ। यो आवाज फासीवादको विरुद्ध प्रतिरोधको आवाज हो। यो अँध्यारोको विरुद्ध उज्यालो हो। एउटा आशा हो। ऊ कलम उठाउँछ र कविता लेख्छ। ऊ कवितामार्फत विद्रोह ओकल्छ।

भारतको समग्र प्रगतिवादी साहित्य तथा लेखन क्षेत्रमा एउटा यस्तो नाम छ, जसलाई त्यहाँको सत्तासीन वर्गले समय समयमा औधी दुःख दिने र निकै सताउने गरेको पाइन्छ। जनताका पक्षमा लेख्ने र सत्ताको उत्पीडनको विरुद्धमा लिखित र मौखिक रूपमा आगो ओकल्ने एकजना व्यक्ति छन् ती हुन् वरवर राव। वरवर रावले आफ्नो क्रान्तिकारी विचारका कारणले जीवनको पचासी वर्षको उमेर अवस्थासम्म पनि राज्यको यातनापूर्ण जीवन भोग्न बाध्य छन्। गरिब दुखी र आदिवासी जनताका पक्षधर लेखक/साहित्यकार वरवर राव भारतीय सत्ताधारी वर्गको हिंसाको सिकार बने। उनको विचारमाथि प्रतिबन्ध लाग्यो। काङ्ग्रेस आई होस् या भारतीय जनता पार्टी दुवै पार्टीको नेतृत्वमा बनेका सरकारले उनलाई निसाना बनाए।

वरवर रावको जन्म ३ नोभेम्बर १९४० मा आन्ध्र प्रदेशको वारङ्गल जिल्लामा भएको थियो। अहिले वारङ्गल जिल्ला तेलङ्गना राज्यमा पर्दछ। वरवर राव एउटा शिक्षित ब्राह्मण परिवारमा जन्मेका थिए। वरवर रावले उस्मानिया विश्वविद्यालय हैदरावादबाट तेलुगु साहित्यमा एमए गरेका थिए। सानै उमेरदेखि नै वरवर रावको साहित्यप्रतिको रुचि अत्यन्तै बढेर गएको थियो। बाल्यावस्थादेखि नै उनले तेलुगु भाषामा कविता लेख्न सुरु गरेका थिए। एमए गरेको केहि समयपछि वरवर रावको नियुक्ति महबुब नगर जिल्लाको एउटा कलेजमा प्राध्यापकको रूपमा भयो। त्यतिबेलासम्म वरवर रावको विचार क्रान्तिकारी भइसकेको थियो। उनको मान्यता रहेको छ कि साहित्यको उद्देश्य केवल मनोरञ्जन मात्र हुँदैन। साहित्यलाई समाजमा भइरहेको अन्याय, शोषण र अत्याचारको विरुद्ध लड्नको लागि एउटा हतियारको रूपमा देख्नु पर्छ। आफ्ना यिनै आदर्शहरूको लागि रावले तेलुगु भाषामा एउटा पत्रिका पनि निकाल्न सुरु गरे। यस पत्रिकाको नाम थियो सिर्जना (Creation)। आफ्नो यस पत्रिकामा रावले यस्ता रचनाहरूलाई स्थान दिन्थे, जुन रचनाहरूले गरिबहरूको पक्ष लिन्थे। पछि गएर यो पत्रिका अत्यन्तै लोकप्रिय भयो। वरवर रावले यसलाई मासिक रूपमा प्रकाशन गर्न थाले।

सन् १९६० को दशकमा आन्ध्र प्रदेशमा श्रीकाकुलमको विद्रोह भयो। श्रीकाकुलम जिल्लामा गरिबहरूले जमिनदारका विरुद्धमा विद्रोह गरे। श्रीकाकुलमको यो विद्रोह पूरै तीन वर्षसम्म चलिरह्यो। वरवर रावको समर्थन श्रीकाकुलम्का गरिबहरूको पक्षमा थियो। उनले आफ्ना केहि साथीहरूसँग मिलेर एक सङ्गठन बनाए। यस सङ्गठनको नाम थियो विप्लव रचयिता संघम (Revolutionary writers Association) अर्थात् क्रान्तिकारी लेखक संघ। क्रान्तिकारी लेखक संघको झन्डामुनि बसेर रावले विभिन्न गोष्ठीहरू र अन्तरक्रियाहरू गर्न थाले। आफ्नो साहित्यिक गतिविधिलाई अगाडी बढाउन थाले। कविता, लेख, निबन्धलाई तीव्रता दिन थाले। उनको लोकप्रियता यति बढ्न थाल्यो कि उनले आयोजना गरेको सभामा लाखौँ मानिसहरूको उपस्थिति हुन थाल्यो। आन्ध्र प्रदेशको सरकार रावको लोकप्रियता देखेर तर्सिन थाल्यो। सरकारले वरवर राव र उनका साथीहरूमाथि बर्बर दमन गऱ्यो। कैयौँ जेल गए र कतिपयको त जागीर पनि खोसियो।

सन् १९७३ मा उनलाई झुटो अभियोगमा जेल हालियो। तर उच्च अदालतले यो अभियोगलाई खारेज गरिदियो। वरवर रावको हिंसा भड्काउनमा कुनै हात नरहेको फैसला गरिदियो। सन् १९७४ मा आन्ध्र प्रदेशको सरकारले रावलाई फेरि अर्को झुटा मुद्दामा फसायो। यस मुद्दाको नाम थियो सिकन्दरावाद कन्सिपायरेन्सी केस। यो केस १५ वर्षसम्म चल्यो। सन् १९७९ मा वरवर रावको यो



झुटो मुद्दा खारेज भयो। फेरि आन्ध्र प्रदेश सरकारले वरवर रावलाई अर्को झुटा मुद्दा लगायो। त्यो मुद्दा थियो राम नगर कन्सिपायरेन्सी केस। वरवर रावलाई सुरक्षाकर्मीको हत्याको आरोप लगाइएको थियो।

सन् १९७५ मा जब देशमा संकटकाल लागू भयो। तब वरवर रावलाई फेरि जेलमा बन्द गरियो। मीसा एउटा कालो कानुन थियो। वरवर राव कैयौँ महिनासम्म जेलमा बसे। जेल नै उनको दोस्रो घर बन्यो। उनको जेल आउनेजाने क्रम चलिनै रह्यो। वरवर रावले आफ्नो जेल डायरी पनि लेखे। त्यतिबेलासम्म वरवर रावको गणना तेलुगुको महान कविहरूमा गनिन थालेको थियो। उनको कविताका संग्रहहरू छापिइसकेका थिए। उनको कविता देशका धेरै भाषाहरूमा अनुवाद भइरहेका थिए।

ती दिनहरूमा अलग तेलङ्गना राज्यको माग पनि जोडतोडले बढिरहेको थियो। वरवर राव अलग तेलङ्गना राज्यको स्थापनाको पक्षधर थिए। यस आन्दोलनमा पनि उनको दह्रो समर्थन र सहभागिता रहेको थियो। सन् २०१८ को अगस्ट महिनामा भारतको महाराष्ट्र राज्यको पुर्णेको पुलिसले उनको घरमा गएर हैदरावादमा उनलाई गिरफ्तार गऱ्यो। उनलाई पुर्णेको भीमागाउँको हिंसा भड्काएको आरोप लगाइयो। उनलाई पुर्णेको यर्बदा जेलमा बन्द गरियो। केही समयपछि उनलाई मुम्बईको तलोजा जेलमा ल्याइयो। त्यतिबेलासम्म वरवर रावको उमेर असी वर्ष पुगिसकेको थियो। उनलाई अनेक रोगहरूले सताइरहेको थियो। उनको साथी वर्नाड गोन्जालेस पनि तलोजा जेलमा थिए। वर्नाड गोन्जालेसले वरवर रावको धेरै सेवा गरे। वरवर रावको जीवन बाँच्न सफल भयो।

सन् २०२० आउँदै गर्दा वरवर राव गम्भीर रूपले बिरामी भए। उनको आवाज बन्द हुन थाल्यो। उनको श्रीमतीले पत्रकार सम्मेलन गरिन् र वरवर रावको जीवनमाथि खतरा आइरहेको बताइन्। विश्वका एक सयभन्दा बढी बुद्धिजीवीहरूले भारतका राष्ट्रपतिसँग रावलाई तुरुन्तै रिहाइ गरियोस् भनेर अपिल गरेका थिए। यी बुद्धिजीवीहरूमा अमेरिकाका महान बुद्धिजीवी नोम चोम्स्की पनि थिए।

बढ्दै गइरहेको जनदबाबको कारण वरवर रावलाई मुम्बईको तलोजा जेलबाट निकालेर मुम्बईकै जेजे अस्पतालमा भर्ना गरियो। अहिले पनि वरवर राव जीवनभरी कै मृत्युसँग जुधिरहेका छन्। उनको लामो दीर्घायु जीवनको कामना गर्न सकिन्छ।

वरवर राव वैज्ञानिक दृष्टिकोण राख्ने कवि हुन्। उनको लागि कविता मनोरञ्जनको वस्तु नभएर सामाजिक परिवर्तनको माध्यम हो। यिनको कविताले जनताको दिल दिमागलाई छुन्छन्। कवितामा सामाजिक बदलाव, जीवन संघर्ष र जागरणको सन्देश छ। उनका कविताले मानिसहरूलाई रोटी दिन सक्दैनन् बरु रोटीको लागि संघर्षको प्रेरणा अवश्य दिन सक्छन्। जेलका कालकोठरी या दमन उत्पीडनका विभिन्न तौरतरिकाले उनलाई आफ्नो उद्देश्यबाट विचलित गराउन सकेनन्।

वरवर राव तेलुगु साहित्य संसारमा चम्किरहेका लालतारा हुन्। उनले राजनीतिलाई हमेशा कमानमा राखे। संघर्ष र सिर्जना यसका दुई आँखा हुन्। यसैबाट नै तेलुगुको क्रान्तिकारी साहित्य पैदा भएको छ। वरवर राव एउटा बौद्धिक व्यक्तित्व हुन्। उनी कलमका सिपाही पनि हुन्। कविता र साहित्य क्षेत्रमा उनको राम्रो पकड देखिन्छ। उनका कविताहरूले उत्पीडित वर्गमा जागरण पैदा गरेका छन्।

# स्मृतिमा दाजु देवराज धिताल




राजेन्द्रप्रसाद धिताल

मङ्सिर १६ गते बिहान म बबई बहुमुखी क्याम्पस गुलरियामा आफ्नो नियमित पठनपाठनको काममा कक्षा कोठामा थिएँ। पहिलो कक्षा सकिँदै थियो, लगभग ७.३० बजे हाम्रो परिवारका अत्यन्तै आत्मीय आफन्त गृह मन्त्रालयका उपसचिव सहृदयी भाइ उमाकान्त आधिकारीको फोन आयो। फोनमार्फत उनले दाजु देवराज धितालले नश्वर देह त्याग गर्नुभएको दुःखद समाचार छोटकरीमा बताए। केही दिन अगाडि दाजु जुम्लामा बिरामी हुनुभएको थियो र उहाँलाई नेपालगन्जस्थित भेरी अस्पतालमा सघन उपचार कक्षमा राखेर उपचार गरिँदै थियो। बिरामी भएर नेपालगन्ज ल्याइएको खबर पाएपछि म उहाँलाई भेट्न अस्पतालमा पुगेको थिए। अस्पतालमा उहाँको हेरविचारमा कुनै कमी थिएन। छोरा विजय धिताल, सालाजी जयराम पाण्डे लगायतले उहाँको प्रत्यक्ष हेरचाह गरिरहेका थिए। भाइ उमाकान्त अधिकारी, डक्ट धिताल, प्रशान्त मिश्रहरूको अप्रत्यक्ष हेरविचारले परिवारलाई ढाडस प्रदान गरिरहेको थियो। मैले भेट गर्दाका समयमा दाजु खतरामुक्त देखिनुहुन्थ्यो। डाक्टरहरूले समेत उहाँ खतरामुक्त रहेको जानकारी गराएका थिए। तर अहिले अकस्मात उमाकान्त भाइको फोन जानकारीबाट म स्तब्ध भएँ। देवराज दाजु यो संसारमा हुनुहुन्न भन्ने कुरा स्वीकार्न साह्रै मुस्किल भयो। म आफ्नो कार्यक्षेत्रबाट घरतिर नगैकन सरासर नेपालगन्जका लागि सार्वजनिक गाडीमा चढेँ।

मनमा स्मृतिका अनेक तरङ्गहरू दौडिन थाले। दाजु देवराज धितालसँग मेरा अनेक अन्तरङ्ग स्मृतिहरू छन्। उहाँ मेरा दाजु, त्यसैले उहाँले मलाई स्वभाविक रूपमा भाइले पाउने स्नेह त दिनुभयो नै, उहाँले साथीका रूपमा समेत प्रेम र आनन्द प्रदान गर्नुभएको थियो। उहाँ मेरो जीवनमा बालापनदेखि आजपर्यन्त जोडिनु भएको थियो। म अतीत सम्झन्छु, हाम्रो परिवार म सानै हुँदा जुम्लाबाट बर्दिया बसाइँ सरेको हो, सामान्यबाहेक त्यतिबेला मलाई जुम्लाको खासै स्मृति थिएन। बर्दियाको गोलास्थित गिदरपुर गाउँमा हाम्रो परिवार बस्थ्यो। छिमेकी र विद्यालयमा जुम्लातिरका खासै कोही थिएनन्, आफ्ना दाजुभाइ त हुने कुरा नै भएन। घरमा पनि बालकको रूपमा म एक्लो थिएँ, भाइबहिनीहरू जन्मेका थिएनन्। दैलेख, अछामबाट बसाइँ सर्नुभएका दाजुभाइहरू र स्थानीय थारु सहृदयीहरू नै आफन्तका रूपमा थिए। अरूहरूकै साथमा बालापन बित्यो मेरो। प्रारम्भमा भाषा, पोसाकलगायत थुप्रै कुरामा एक्लोपनको महसुस हुन्थ्यो, अहिले पनि मलाई कैयौँपटक यस्तै एक्लोपनको अनुभूति हुने गर्छ। नितान्त सीमान्तीकृत र अल्पसंख्यक हुँदा कति अपमान सहनु पर्छ त्यसको गहिरो अनुभूति मलाई बाल्यकालदेखि नै हुँदै आएको छ।

गोलाको खोनपुरमा केही वर्षपछि अंकल आदिचन्द्र धिताललगायत हाम्रा आफन्तहरूले जग्गा किन्नु भयो। त्यसपछि उहाँको परिवार तराईमा झऱ्यो। दाजु देवराज तराई झर्नु भयो। उहाँ मैले पढ्ने विद्यालयमा पढ्न थाल्नु भयो। विद्यालयमा धिताल भनेपछि म एक्लो थिएँ, उहाँ आएपछि मैले दाइ पाएँ। सपरिवार बसाइँ सरेको पहिलो वर्ष चैतपछि उहाँको परिवार जुम्ला गयो। खेत बटैया लगाउने किसानका घरमा उहाँ एक्लै बस्न थाल्नु भयो। दुई भाइको स्कुलमा भेट हुन्थ्यो। दाइ एक्लै छ भनेर कहिलेकाहीँ बुबाले मलाई खोनपुर बस्न भन्नुहुथ्यो, म उहाँसगै सुत्थेँ। कहिलेकाहीँ म राति बिउँझेको बेला उहाँ बसिरहेको देख्थेँ, रोइरहेको देख्थेँ। घरपरिवार कोही नभएर एक्लै बस्नु पर्दा नियास्रो लागेर होला उहाँ रुनुहुन्थ्यो। म घरमा गएर यो कुरा भन्थेँ। बुबा खोनपुर आएर उहाँलाई सम्झाउनु हुन्थ्यो र प्रायः जसो हामी गिदरपुरमै बस्थ्यौँ। यसरी बालापनमा मलाई दाजुसँग एकदम नजिक भएर बस्ने मौका मिलेको थियो।

कक्षा १० मा पुगेपछि उहाँ जुम्ला जानु भयो र उतै पढ्न थाल्नु भयो, यद्यपि हिउँदमा पढ्न भने यतै आउनु हुन्थ्यो। उहाँ एसएलसीको तैयारी गरिरहेको वर्ष मैले पनि कक्षा १० मा पढ्न जुम्ला जानुपर्ने भयो। २०४४ चैत ३ गते म जुम्ला पुगेँ। घर पुग्दा रात परिसकेको थियो। बिहान उठ्छु त सम्पूर्ण सेरोफेरो सेताम्य छ, रातभरि हिउँ परेछ। हिमालमा जन्मेर पनि मैले हिउँको स्पर्श पाएको थिएनँ। चौतर्फी सेताम्य वातावरण देखेर म प्रफुल्ल थिएँ, तर पनि मन उदास थियो। आफ्नो जन्मभूमि भएर पनि त्यो मेरो धिताललिही गाउँमा मलाई नजिकबाट चिन्ने मेरो साथी कोही थिएन। मैले आत्मीय ठान्ने दुईजना दाइहरू थिए, देवराज धिताल र पूर्ण धिताल। बिहान हुनेबित्तिकै मैले दाजु देवराजलाई सम्झिएँ। साइलोबुबाले मलाई दाइको घरमा पुऱ्याइदिनु भयो। त्यो घर मेरा लागि आफ्नै घरजस्तो थियो। जेठाबुबा, जेठीआमा, दाजु र बहिनी लाटी सबै पूर्वपरिचित र आत्मीय थिए, नवविवाहिता भाउजू पनि आत्मीय र फरासिली हुनुहुन्थ्यो, म प्रफुल्ल भएँ। दाजुहरूको एसएलसी तयारी कक्षा चलिरहेको थियो।



पहिलो दिन दाजुसँगै म नराकोट स्कुलमा गएँ। ऋषिराम भट्टराई सरको अँग्रेजी कक्षा थियो। दाइहरूको तैयारी कक्षामा म पनि गएँ। दाजुले तराईबाट आएको आफ्नो भाइको रूपमा मेरो परिचय गराउनु भयो। नराकोटको कोटडाडामा म पनि तैयारी कक्षाको विद्यार्थी भएँ। यो देवराजको भाइ पढाइमा राम्रो रहेछ भनेर ऋषिराम सरले मलाई बिनाशैक्षिक प्रमाणपत्र दोस्रो दिनदेखि भैरव मावि नराकोटको कक्षा १० को औपचारिक विद्यार्थी बनाउनु भयो। दाइ एसएलसी उत्तीर्ण भएर शिक्षण गर्न थाल्नु भयो। पछिल्लो वर्ष मैले एसएलसी पास गरेँ। मैले एसएलसी पास गरे पछि क्याम्पस पढ्न जाने कुरा चल्न थाल्यो। म नेपालगन्ज पढ्न थालेँ, दाइले सुर्खेत पढ्नु भयो। त्यतिबेला हाम्रो परिवार तराईमा ठूलो भैसकेको थियो। हामीहरू सबै पाताभारको उल्टनपुरमा बस्थ्यौँ। बिदाको बेलामा हामी सबैको भेटघाट, खानपीन र रमाइलो हुन्थ्यो। मिठा र रोचक राजनैनिक, सामाजिक, सांस्कृतिक वहसहरू हुन्थे। देवराज दाइ, पूर्ण दाइ वामपन्थी राजनीतिमा विश्वास गर्नुहुन्थ्यो र त्यसमा प्रतिबद्ध हुनुहुन्थ्यो। ममा भने लोकतान्त्रिक रुझान थियो, दाइहरूले मलाई कम्युनिस्ट बनाउन धेरै प्रयत्न गर्नुभएको थियो। पटकपटक म हारेको थिएँ, तर उहाँहरू मलाई गहिरो प्रेम गर्नुहुन्थ्यो, त्यसैले मलाई हार्न दिनुहुन्थ्यो। मलाई आफ्नो आस्थामा लागिरहन प्रेरणा दिनुहुन्थ्यो।

उहाँसँगका मिठा र रोचक स्मृति र अनुभूतिहरू अनगिन्ती छन्, आजभोलि काम र व्यवहारिक बोझले हुनसक्छ, नजिक बसेर खुलेर हाँस्न पाएका थिएनौँ, अब विस्तारै कामको चाप सकिँदै थियो, जिम्मेवारीको भारी बिसाउने बेला भएको थियो। जीवनको उत्तरार्धमा सँगसँगै बसौँला, रमौँला भन्ने मिठो सपना थियो। कठै! त्यो मिठो र सुन्दर सपना अधुरै रह्यो।अब केवल सम्झना मात्र बाँकी रह्यो। दाजु तपाईँको आत्माले शान्ति पाओस्, भावपूर्ण श्रद्धाञ्जली!

नेकपा कर्णालीको एकता सन्देशसभा

# प्रचण्डले कुलमानमाथि आक्रोश पोखे, कसले के भने ?

मिसन संवाददाता
*सुर्खेत, २७ मंसिर*

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङप्रति आक्रोश पोखेका छन् ।

शनिबार वीरेन्द्रनगरमा आयोजित कर्णाली प्रदेशस्तरीय एकता सन्देशसभालाई सम्बोधन गर्दै प्रचण्डले घिसिङप्रति आक्रोश पोखेका हुन् । उनले कुलमानलाई 'बैगुनी'को संज्ञा दिएका छन् । आफ्नो प्रधानमन्त्रीत्वकालमा भएका कामहरूको चर्चा गर्दै प्रचण्डले लोडसेडिङ अन्त्यको जस कुलमानले मात्र लिन खोजेको र आफूलाई नियुक्त गर्ने नेतृत्वलाई बिर्सेको बताए ।

'म दोस्रो पटक प्रधानमन्त्री हुँदा हामीले लोडसेडिङबाट आक्रान्त भएको नेपाललाई लोडसेडिङमुक्त नेपाल बनाउने ऐतिहासिक कार्य पूरा गरेकै हो । यसलाई नराम्रो त कसैले भन्न सक्दैन,' उनले भने, 'अहिले कुलमान घिसिङले कुन विष खाए ? जुन थालमा खायो त्यसैमा प्वाल पार्न खोजेका छन्, तिनले त्यसो नगरुन्, बुद्धि फिरोस् भन्न चाहन्छु ।'

प्रचण्डले कुलमानलाई प्राधिकरणमा आफूले नै ल्याएको दाबी गरे । दुई पटक प्रधानमन्त्रीको हैसियतले आफूले कुलमानलाई टिपेर ल्याएको उनको तर्क छ । 'सबैले यो मान्छे राम्रो छ भनेर गरेको कुरा र उसले पहिला-पहिला प्रचण्डले हो मलाई बनाएको भनेको कुरा बिर्सेर अहिले लाज मर्नु गरेको छ । म योभन्दा बढी भन्दिनँ बिचरा ।'

कुलमानले आफ्नो क्षमताले मात्र लोडसेडिङ हटाएको भन्ने अभिव्यक्ति दिएकोप्रति संकेत गर्दै प्रचण्डले कुलमानको बुद्धि फिर्नुपर्ने तर्क गरे । यसरी बैगुनी भएर कुलमानले पार नपाउने उनको भनाइ छ । आफ्नो पहिलो प्रधानमन्त्रीत्वकालमा मध्यपहाडी लोकमार्ग, उत्तरदक्षिण कोरिडोर, विभिन्न विश्वविद्यालयको स्थापना र गरिब किसानहरूको ऋण मिनाहा गर्ने जस्ता महत्त्वपूर्ण निर्णयहरू गरेको प्रचण्डले स्मरण गराए ।

नेकपा सहसंयोजक माधवकुमार नेपालले कम्युनिस्ट नेतृत्वको सरकारले गरेका कामहरूको बचाउ गरे । आफू र पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुँदा धेरै राम्रा कामहरू भएको उनको दाबी छ । 'प्रचण्डजी र म प्रधानमन्त्री भएका बेला राम्रा काम पनि गरेका छौं, तर केही गरेनन् भनेर भ्रम फैलाइयो,' उनले भने, 'मध्यपहाडी लोकमार्ग, कर्णाली राजमार्ग, जनता आवास कार्यक्रम र युवालाई रोजगारी दिने जस्ता महत्त्वपूर्ण कामहरू कम्युनिस्ट सरकारकै पालामा भएको हुन् ।'

जनअपेक्षा अनुसार जति काम हुनुपर्ने थियो, त्यो नभएको हुनसक्ने उनले स्वीकार गरे । अबको पार्टी इमानदारहरूको पार्टी हुने उनको भनाइ छ । भ्रष्टाचार र स्वार्थी प्रवृत्तिको अन्त्य नगरी देशलाई समृद्ध बनाउन नसकिने उनको तर्क छ ।

'जनअपेक्षाअनुसार जति काम गर्न सक्नुपर्थ्यो त्यो नभएका होलान्, तर केही नभएको होइन । हामीले शिर निहुराउनुपर्ने अवस्था छैन,' उनले थपे, 'अब भ्रष्टाचार र स्वार्थी प्रवृत्तिलाई अन्त्य गरी साझा भावना अगाडि बढाउन सकिएन भने देशलाई अगाडि बढाउन सकिँदैन । त्यसैले विगतका कमजोरी स्वीकार गर्दै इमानदार तरिकाले काम गर्ने सोचेर पार्टी एकता गरेका हौं ।'



## 'समाजवाद ल्याउन नसके जेलमा कोचिदिनुहोला'

नेकपा नेता वामदेव गौतमले मुलुकमा समाजवाद निर्माण गर्न नसके आफूहरूलाई जेल हाल्न जनतालाई आग्रह गरेका छन् । शनिबार सुर्खेतमा आयोजित नेकपाको एकता सन्देश सभालाई सम्बोधन गर्दै गौतमले यस्तो बताएका हुन् ।

भाषणका क्रममा निकै आक्रामक देखिएका गौतमले अब नेताहरूलाई भाग्ने छुट नभएको बताए । 'यदी हामीले समाजवाद निर्माण गर्न सकेनौं भने तपाईंहरूले हामीलाई जेलमा लगेर कोचिदिनुहोला, हामीलाई अब भाग्ने छुट छैन,' उनले भने, 'विगतमा भएका कमीजोरीहरूलाई सुधार्दै जानेछौं । तर जनतालाई भ्रममा नपार्न नेतृत्वकर्तालाई मेरो चेतावनी छ ।'

जनतालाई ढाँट्नका लागि मात्र 'समाजवाद, समाजवाद' नभनिएको उनको तर्क छ । अब ढिला नगरी समाजवाद निर्माणतर्फ लागेर मुलुकलाई समृद्ध बनाउनुपर्ने उनले बताए । सम्बोधनका क्रममा नेता गौतमले पछिल्लो समय चर्चामा रहेको युवाहरूको 'जेनजी' आन्दोलन एमाले अध्यक्ष केपी ओलीकै कारण भएको दावी गरे ।

नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै उनले संविधानको मर्मअनुसार अघि बढ्न सुझाव दिए । नेपाली कम्युनिस्ट आन्दोलन देशको सबैभन्दा ठूलो शक्तिका रूपमा स्थापित भएको उल्लेख गर्दै उनले अबको बाटो समृद्ध समाजवादको विकास हुनुपर्नेमा जोड दिए ।

समाजवाद स्थापनामा जोड

एकता सन्देशसभामा बोल्ने नेकपाका नेताहरूले समाजवाद स्थापनामा जोड दिइएको बताएका छन् । नेकपा नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले देशमा नेपाली विशेषताको समाजवाद ल्याउनुपर्ने बताए । देशलाई समाजवादतर्फ लैजानु नै अबको मुख्य विकल्प रहेको उनको भनाइ छ । 'मुलुकमा विदेशीहरूको हस्तक्षेप बढेको छ । राष्ट्रिय स्वाधिनतामाथि प्रश्न उठेको छ,' उनले भने, 'अब पुँजीवादको अन्त्य र भ्रष्टाचारको अन्त्य गर्न सबै कम्युनिस्टहरू मिलेर समाजवाद स्थापना गर्नुको विकल्प छैन ।'

शिक्षा र स्वास्थ्य क्षेत्रमा अपेक्षित रूपान्तरण गर्न नसकिएको स्वीकार गर्दै खनालले सबै जनताले गाँस, बास र कपाससहित शिक्षाको सहज पहुँच पाउने नेपाल निर्माण गर्न समाजवाद अपरिहार्य रहेको जिकिर गरे । नेकपा एमालेलाई पनि एकता र समाजवादको बाटोमा आउन उनको आग्रह छ ।

नेता नारायणकाजी श्रेष्ठले नेकपालाई घुस नखानेहरूको पार्टी बनाउने बताएका छन् । नेकपालाई घुस नखानेहरूको पार्टी भनेर चिनाउनुपर्ने भएकाले त्यहीअनुसार काम गरिने उनको भनाइ छ । भ्रष्टाचार नगर्नेहरूको पार्टी बनाएर सबैलाई एकताबद्ध गराउनुपर्ने भन्दै मजदुर, जनजाति, दलितलाई समेत एकताबद्ध गरेर काम गरिने उनले बताए ।

'माओवादी सरकारमा हुँदा सुशासनलाई पहिलो प्राथमिकतामा राखेर काम गरेको थियो । तर काँग्रेस र एमालेलाई त्यो रुचेन,' उनले भने, 'काँग्रेस र एमालेलाई सुशासन रुच्दैन, त्यसैले नेपालमा जेनजी आन्दोलन सुरु भएको हो ।'

नेकपा नेता डा.भीम रावलले पूर्वप्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी शर्मा ओलीको कडा आलोचना गरे । ओलीले नयाँ पुस्ता (जेनजी)को आवाज सुन्नुको साटो दमनमा उत्रिएको र आन्दोलन चर्किएपछि भागेको उनको आरोप छ । सिंहदरबारमा आगलागी भएको सन्दर्भ कोट्याउँदै रावलले भने, 'सिंहदरबारमा आगो लाग्दा प्रधानमन्त्री को थियो ? देश संकटमा पर्दा वा आगो लागेका बेला भाग्ने प्रवृत्ति नेतामा हुनुहुँदैन ।'

ओलीप्रति आक्रामक रूपमा प्रस्तुत भएका रावलले ओलीलाई देशको नेता हुँ भन्नु लाज लाग्नुपर्ने तर्क गरे । उनले थपे, 'देशमा आगो लागेका बेला भाग्ने ? जेनजीका माग सुन्नुपर्नेमा उल्टै दमन गर्ने अनि आन्दोलन भएपछि भाग्ने ? हाम्रा कलिला युवाहरूको आवाजले केपीजी भाग्नुभयो, यो लज्जास्पद र शर्मनाक भयो । अझ अहिले पनि म शक्तिशाली हुँ भन्न सुहाउँदैन ।'

नेता रावलले आफ्नो सम्बोधनका क्रममा कर्णाली प्रदेशका जल्दाबल्दा समस्याहरू पनि उठाए । उनले कर्णाली राजमार्गको दयनीय अवस्था सुधार हुन नसकेको भन्दै चिन्ता व्यक्त गरे । कर्णालीको स्याउ, यार्सागुम्बा र जडीबुटीको सही सदुपयोग र बजारीकरण हुन नसकेको उनको भनाइ थियो ।

विशेष गरी अपर कर्णाली जलविद्युत् आयोजनाको सन्दर्भमा बोल्दै उनले भारतीय कम्पनी जीएमआरको आलोचना गरे । अपर कर्णालीलाई जीएमआरको जिम्मा लगाइएपनि अहिलेसम्म काम नभएको भन्दै यसरी काम नगरी ओगटेर राख्नु कर्णाली र सुदूरपश्चिमका जनतालाई धोका दिनु रहेको उनले दाबी गरे ।

# वडाध्यक्षद्वारा विद्यार्थीलाई पोसाक र शैक्षिक सामग्री सहयोग

मिसन संवाददाता
*वीरेन्द्रनगर, २७ मंसिर*

जिल्लाको भेरीगंगा नगरपालिका-२ का वडाध्यक्ष चिरञ्जीवी बुढाले आफ्नो पारिश्रमबाट वडाभित्रका विद्यार्थीलाई न्यानो पोसाकसहित कापी-कलम वितरण गरेका छन् ।

जनप्रतिनिधि भएबापत प्राप्त रकमबाट वडाभित्र रहेका बालविकासदेखि कक्षा पाँचसम्म अध्ययनरत विद्यार्थीलाई जाडो मौसमका लागि न्यानो पोसाकसहित शैक्षिक सामग्री वितरण गरिएको वडाध्यक्ष बुढाले जानकारी दिए । पहिलो चरणअन्तर्गत मंसिर २५ गते सामुदायिक माध्यमिक विद्यालय मोहटी, चन्द्रसूर्य प्राथमिक विद्यालय कुकुरफाले, शुद्धचुली प्राथमिक विद्यालय चैते, जनज्योति माध्यमिक विद्यालय कलपानी र विश्व ज्योति प्राथमिक विद्यालय देशतालमा सामग्री वितरण गरिएको हो ।

वडाध्यक्ष बुढाका अनुसार दोस्रो चरणमा आगामी ४-५ दिनभित्र वडाका सबै विद्यालयमा न्यानो पोसाकसहित कापी र कलम वितरण गर्ने योजना रहेको छ । विद्यालय अनुगमनका क्रममा जाडो समयमा धेरै विद्यार्थी न्यानो पोसाक, झोला, कापी र कलमको अभावमा रहेको देखिएपछि आफ्नै पारिश्रमिकबाट सहयोग गरिएको उनले बताए ।

यसैबीच भेरीगंगा नगरपालिका-२ का स्थानीय भूपेन्द्र शाहीले वडाध्यक्षको यो कदम प्रशंसनीय रहेको बताएका छन् । सबै विद्यार्थीलाई शैक्षिक सामग्री उपलब्ध गराउँदा विद्यार्थीहरू खुसी भएको उनले बताए । वडाध्यक्ष बुढा २०७९ सालको स्थानीय तह निर्वाचनमा तत्कालीन नेकपा (माओवादी केन्द्र)बाट निर्वाचित भएका हुन् ।

# महिला स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क उपचार गरिने

मिसन संवाददाता
*हुम्ला, २७ मंसिर*

जिल्लास्थित स्वास्थ्य सेवा कार्यालयले महिला स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क उपचार गर्ने भएको छ । उनीहरूका लागि निःशुल्क स्वास्थ्य चेकजाँच र औषधिको व्यवस्था गरिएको कार्यालयले जनाएको छ । समुदायमा स्वास्थ्य सेवा प्रदान गर्न सहयोग गर्दै आएकी स्वास्थ्य स्वयंसेविकालाई थप कामका लागि हौसला प्रदान गर्न यो व्यवस्था गरिएको हो । जिल्लाभरका महिला स्वास्थ्य स्वयंसेविकालाई अस्पतालमा उपचार गर्न आउँदा निःशुल्क सेवा लिने व्यवस्था गरिएको कार्यालय प्रमुख चिकित्सक उमाकान्त तिवारीले बताए ।

उनका अनुसार अस्पताल सिमकोट गाउँपालिकाको क्षेत्रभित्र पर्छ भने सिमकोट गाउँपालिकाका आठ वटै वडाका सबै बस्तीमा गरी ४५ जना महिला स्वास्थ्य स्वयंसेविकाले सेवा प्रदान गर्दै आएका छन् । 'सिमकोट गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मात्र नभएर उपचारका लागि अस्पताल आउने जिल्लाभरका सेविकाहरूको चेकजाँच र औषधि निःशुल्क रूपमा गर्ने व्यवस्था गरिएको छ,' उनले भने, 'अब महिला स्वास्थ्य स्वयंसेविकाको चेकजाँच, ल्याब परीक्षण, औषधि सबै निःशुल्क रूपमा गरिनेछ । त्यसका लागि लाग्ने खर्च अस्पताल विकास समितिबाट ब्यहोरिनेछ ।' न्यून पारिश्रमिकले गाउँ बस्तीमा स्वयंसेवीको रूपमा स्वास्थ्यकर्मीलाई सहयोग गर्दै आएकी महिला स्वास्थ्य स्वयंसेविकालाई काम गर्न हौसला प्रदान गर्न कार्यालयले यो व्यवस्था गरेको उनले बताए । उनका अनुनसार यसअघि पटक-पटक स्वास्थ्य स्वयंसेविकाले आफू बिरामी हुँदा निःशुल्क उपचारको व्यवस्था गर्न माग गर्दै आएका थिए ।

धेरै पहिलेदेखिको आफूहरूको माग ढिलै भएपनि पूरा भएको महिला स्वास्थ्य स्वयंसेविका धौरी सुनारले बताइन् । जिल्ला अस्पतालले यो काम निकै स्वागतयोग्य गरेको भन्दै यसलाई दिगो रूपमा व्यवस्था गर्न उनले अस्पतालसँग आग्रह गरिन् । जिल्लाभर २४३ जना स्वास्थ्य स्वयंसेविका कार्यरत छन् ।

**अस्पतालमा ल्याब स्थापना**

स्वास्थ्य सेवा कार्यालयअन्तर्गत जिल्ला अस्पतालमा बायोमेडिकल ल्याब स्थापना गरिएको छ । अस्पतालमा प्रयोग हुने उपकरणका लागि मर्मत गर्न अति आवश्यक पर्ने बायोमेडिकल ल्याब स्थापना भएको हो । स्वास्थ्य सेवा कार्यालयका प्रमुख चिकित्सक उमाकान्त तिवारीका अनुसार कार्यालयको एउटा कोठामा उक्त ल्याब स्थापना गरेर सेवा सञ्चालनमा भइरहेको छ ।


**नौमूले गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नौमूले, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२८ गते**

मिति २०८२/०७/१३ गतेका दिन यस कार्यालयबाट प्रथम पटक प्रकाशित तपसिल बमोजिमको कार्य गर्नको लागि विद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन र सारभूत रुपमा प्रभावग्राही रहि स्वीकृतका लागि छनौट भएकाले, सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | योजनाको विवरण र बोलपत्र नं. | फर्मको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|
| 1. | Baghakhor ward karyala hudai gharelu toil sadak nala tatha gravel, Naumule-1 NRM/LISP/NCB/WORKS/04/2082-83 | Confident Construction Raskot municipality.-09, Kalikot. | 24,96,892.94 (Twenty four lakh Ninety six thousand Eight hundred Ninety two rupees Ninety four paisa.) |
| 2. | Naumule baltar masar motorbato upgrading, Naumule-2, NRM/LISP/NCB/WORKS/05/2082-83 | Confident Construction Raskot municipality.-09, Kalikot. | 21,58,090.00 (Twenty one lakh Fifty eight thousand Ninety rupees.) |
| 3. | Sampurna sadak maintenance and upgrading, Naumule-3 NRM/LISP/NCB/WORKS/06/2082-83 | Confident Construction Raskot municipality.-09, Kalikot. | 22,69,163.92 (Twenty two lakh Sixty nine thousand One hundred Sixty three rupees Ninety two paisa.) |
| 4. | Gramin Sadak nirman, Naumule-5 NRM/LISP/NCB/WORKS/07/2082-83 | Shree Bilaspur Nirman Sewa, Narayan-06, Dailekh. | 28,16,195.35 (Twenty eight lakh Sixteen thousand One hundred Ninety five rupees Thirty five paisa.) |
| 5. | Mandhara dekhi Oda karyalay hudai raka khola samma sadak upgrading, Naumule-6 NRM/LISP/NCB/WORKS/08/2082-83 | Star Karnali Construction Pvt.Ltd., Birendranagar-03, Surkhet. | 28,09,417.83 (Twenty eight lakh Nine thousand Four hundred Seventeen rupees Eighty three paisa.) |
| 6. | Gathakhola dandgaun sadak upgrading Naumule-7 NRM/LISP/NCB/WORKS/09/2082-83 | Bashudhara construction Pvt. Ltd Bhairabi RM-07, Dailekh. | 22,49,806.46 (Twenty two lakh Forty nine thousand Eight hundred Six rupees Forty six paisa.) |
| 7. | Mul sadak upgrading, Naumule-8 NRM/LISP/NCB/WORKS/10/2082-83 | Jaya durga SS Constrution Narayan-01, Dailekh | 25,37,251.34 (Twenty five lakh Thirty seven thousand Two hundred Fifty one rupees Thirty four paisa.) |

**प्रमुख प्रशासकीय अधिकृत**

# मोहना–बेलौरी–दैजी सडकको ठेक्का तोडियो




**मिसन संवाददाता**
*कञ्चनपुर, २७ मंसिर*

कञ्चनपुरको दक्षिणी क्षेत्रको मुख्य मेरुदण्ड मानिने हुलाकी राजमार्गअन्तर्गत मोहना-बेलौरी-दैजी सडक खण्डको निर्माण सम्झौता अन्ततः तोडिएको छ। सडक विभाग मातहतको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय धनगढीले निर्माण व्यवसायीको चरम लापरबाही र ढिलासुस्तीका कारण बिहीबार बाबा हन्स सिद्धीसाई संयुक्त उपक्रम (जेभी)सँगको ठेक्का सम्झौता विधिवत् रूपमा अन्त्य गरेको हो।

मोहना नदीदेखि डोकेबजार, बेलौरी, बेलडाँडी हुँदै दैजी जोड्ने यस सडक खण्डको स्तरोन्नतिका लागि आर्थिक वर्ष २०७३-७४ मा सम्झौता भएको थियो। सम्झौता भएको लामो समय बितिसक्दा पनि निर्माण कार्यले गति लिन सकेको थिएन। कूल २० किलोमिटर सडकमध्ये करिब ८२ प्रतिशत भौतिक प्रगति देखिए पनि मुख्य ५ किलोमिटर खण्डमा कालोपत्रे गर्न बाँकी रहँदा बेलौरीलगायत आसपासका बासिन्दाले वर्षौंदेखि सास्ती खेप्दै आएका थिए। योजना कार्यालय धनगढीका अनुसार पटक पटक ताकेता गर्दा पनि निर्माण व्यवसायीले साइटमा काम ठप्प पारेको र प्रतिबद्धताअनुसार काम नगरेकाले बाध्य भएर ठेक्का तोड्ने निर्णय लिनुपरेको हो।

योजना कार्यालयले गत १४ कात्तिकमा 'ठेक्का किन नतोड्ने ?' भन्दै निर्माण व्यवसायीलाई १५ दिने स्पष्टीकरण सोधेको थियो। तर, व्यवसायीबाट पेश भएको स्पष्टीकरण चित्तबुझ्दो नभएको र बाँकी काम सम्पन्न गर्ने कुनै भरपर्दो कार्यतालिका तथा स्रोत परिचालनको योजना पेश गर्न नसकेको कार्यालयले जनाएको छ। साथै, कार्य सुचारु गर्न तदारुकता नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन तथा ठेक्का सम्झौताको उल्लंघन भएको ठहर गर्दै ठेक्का रद्द गरिएको हो।

ठेक्का तोडिएसँगै सार्वजनिक खरिद ऐनको प्रावधान बमोजिम निर्माण व्यवसायीको कार्य सम्पादन जमानत (परफर्मेन्स बन्ड) जफत गरिने भएको छ। त्यस्तै, बाँकी रहेको अधुरो काम पूरा गर्न लाग्ने रकमसमेत सरकारी बाँकीसरह असुलउपर गरिने र सम्बन्धित निर्माण कम्पनीलाई कालो सूचीमा राख्न सिफारिस गरिएको योजना कार्यालयले स्पष्ट पारेको छ।

कार्यालयले हालसम्म भएको काम र बाँकी कामको नापजाँच तथा मूल्यांकन गरी वित्तीय फरफारक गर्न १५ दिनभित्र कार्यालयमा उपस्थित हुन निर्माण व्यवसायीलाई निर्देशन दिएको छ।

# धनगढी कार्यपालिका बैठक विवाद
# घरघरमा पुगेर हस्ताक्षर गराइँदै

**शेरबहादुर ऐर**
*कैलाली, २७ मंसिर*

धनगढी उपमहानगरपालिकामा हालै उत्पन्न विवादले स्थानीय सरकारको कार्यशैली, पारदर्शिता र जनप्रतिनिधिहरूको अधिकारको सवाल उठाएको छ।

स्थानीय सरकार कानुनअनुसार कार्यपालिका बैठक अनिवार्य छ, बैठकमा एजेन्डा तयार पारिनु पर्छ र निर्णय पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्नेछ। तर धनगढी उपमहानगरपालिकामा कार्यपालिका बैठक नबसी र एजेन्डा तय नगरी, कार्यपालिका सदस्यहरूको घरघरमा पुगेर खाली रजिस्टरमा हस्ताक्षर गराइरहेको तथ्य बाहिर आएको छ।

प्रमुख प्रशासकीय अधिकृत नरेन्द्र खातीले २०८२ साल मंसिर २६ गते शुक्रबार चिठ्ठी काटेर दराजमा राखेका थिए। त्यसपछि, सोही दिनदेखि घरघर रजिस्टर घुमाएर सदस्यहरूलाई हस्ताक्षर गराउने कार्य सुरु भयो। यस प्रक्रियामा केही सदस्यहरूले असहमति व्यक्त गरेका छन्।

वडा अध्यक्ष बुद्धि खड्काले २७ गते पत्र नपाएको कारण हस्ताक्षर नगरेको बताए। उनका अनुसार नियमसंगत नभएको कारणले हस्ताक्षर गर्न अस्वीकार गर्नु नै उचित निर्णय थियो।

यसैगरी, वडा नम्बर ९ का अध्यक्ष प्रेम भण्डारीले कर्मचारीहरूको वृत्त विकासको बहानामा अदालतको स्टे अर्डर देखाएर कर्मचारीहरू घरघर पठाइएको बताए। उनले यसलाई कर्मचारी र जनप्रतिनिधिहरूबीच द्वन्द्व सिर्जना गर्ने खेलको रूपमा मूल्यांकन गरे।

प्रमुख प्रशासकीय अधिकृत नरेन्द्र खातीले भनेका छन् कि विगतमा पनि यस्तै अभ्यास भएको थियो र यस पटक हस्ताक्षर गर्न किन समस्या भएको भन्ने प्रश्न उठाए। उनका अनुसार




कार्यपालिका बैठक नगरी घरघर हस्ताक्षर गराउनुलाई नियमसंगत प्रक्रिया नै मानिने अभ्यास हो। तर, सदस्यहरूको असहमति र विवादले यो अभ्यासलाई विवादास्पद बनाएको छ।

धनगढी उपमहानगरपालिकाले २०८१ असोज २२ गते बसेको ३४औं कार्यपालिका बैठकपछि निर्णय सार्वजनिक गरेको छ। त्यसयताका कार्यपालिका बैठकका निर्णयहरू गुपचुप रहेको छ। सुशासन, पारदर्शिताको कुरा गर्ने धनगढी नगरप्रमुख गोपाल हमालले नचाहेका कारण ति निर्णयहरू सार्वजनिक भएका छैनन्। अहिलेसम्म ४४औं बैठकको निर्णय पनि घरघर हस्ताक्षर गराएर अघि बढाइएको छ। यसले स्थानीय सरकारको पारदर्शिता र जिम्मेवारीप्रति गम्भीर प्रश्न उठाएको छ।

स्थानीय सरकारमा कार्यपालिका बैठकको महत्व अत्यन्तै उच्च छ। बैठकको उद्देश्य नीतिगत निर्णय लिनु, बजेट र विकास कार्यक्रम पारित गर्नु, नागरिक सेवा कार्यान्वयनको प्रक्रिया सुनिश्चित गर्नु हो। यस प्रक्रियाले जनप्रतिनिधिहरूलाई सहभागी बनाउँछ र निर्णयलाई कानुनी तथा प्रशासनिक रूपमा सुरक्षित बनाउँछ। बैठकको समयमा एजेन्डा तय गरिनु, छलफल गर्नु र सदस्यहरूको सहमति लिनु अनिवार्य हुन्छ। यदि बैठक नगरी निर्णय लिन खोजिन्छ भने यसले कानुनी र प्रशासनिक दुवै दृष्टिले वैधता र जिम्मेवारीमा कमी ल्याउँछ।

निर्णय सार्वजनिक गर्ने दायित्व पनि अत्यन्त महत्वपूर्ण छ। स्थानीय सरकार कानुनअनुसार बैठकपछिका निर्णय सार्वजनिक गर्नु अनिवार्य छ। यसले नागरिक र जनप्रतिनिधिहरूलाई निर्णयबारे जानकार बनाउँछ र सरकारप्रति विश्वास बढाउँछ। तर धनगढी उपमहानगरपालिकाले ३४औं बैठकपछिका निर्णय सार्वजनिक गरेको छैन। यसले सदस्यहरू र नागरिकबीच असहमति, भ्रम र अविश्वास सिर्जना गरेको छ।

धनगढीको घटना यस क्षेत्रमा देखिएको स्थानीय सरकारको प्रशासनिक अभ्यासको कमजोर पक्षलाई उजागर गर्दछ। बैठक नगरी निर्णय लिने अभ्यास, एजेन्डा नराखेर घरघर हस्ताक्षर गराउने प्रक्रिया, पत्र नपठाउने र कर्मचारी, जनप्रतिनिधि द्वन्द्व उत्पन्न हुने अवस्था प्रशासनिक अनुशासनको कमी दर्शाउँछ।

प्रमुख प्रशासकीय अधिकृत नरेन्द्र खातीले विगतमा यस्तै अभ्यास भएको र त्यसलाई नियमसंगत मानिएको बताए। तर यस पटक सदस्यहरूले असहमति देखाउँदा प्रशासनिक प्रक्रिया विवादास्पद बनेको छ। यसले स्थानीय सरकारमा पारदर्शिता र कानुनी पालनामा कमीको स्पष्ट संकेत दिएको छ।

धनगढीको घटनाले प्रशासनिक जिम्मेवारी र पारदर्शिता दुवैलाई चुनौती दिएको छ। कार्यपालिका बैठक नगरी र एजेन्डा तय नगरी घरघर हस्ताक्षर गराउनुले सदस्य, कर्मचारीबीच द्वन्द्व सिर्जना गरेको छ। निर्णय सार्वजनिक नगर्नु, पत्र नपठाउनु र बैठक नगरी निर्णय लिन खोज्नुले प्रशासनिक जिम्मेवारीमा कमजोरी र नागरिक विश्वासमा कमी ल्याउँछ।

यस समस्याको समाधानका लागि केही उपाय आवश्यक छन्। कार्यपालिका बैठक नियमित रूपमा बस्नुपर्छ। बैठकमा एजेन्डा तयार पारिनु र छलफलको प्रक्रिया पालना हुनु अनिवार्य छ। बैठकपछिका निर्णय समयमै सार्वजनिक गरिनु पर्छ। यसले पारदर्शिता र नागरिकको विश्वास सुनिश्चित गर्छ। घरघर हस्ताक्षर गर्दा कानुनी नियमको पालना अनिवार्य हुनुपर्छ। सदस्यहरूको सहमतिबिना निर्णय लागू गर्नु हुँदैन। कर्मचारी र जनप्रतिनिधिबीच द्वन्द्व रोक्न संवाद सुधार्नुपर्छ। अदालतको आदेश वा स्टे अर्डरको सही प्रयोग सुनिश्चित गर्नु अनिवार्य छ। प्रमुख प्रशासकीय अधिकृतले नियम र कानुनी प्रक्रिया पालन गर्ने जिम्मेवारी लिनुपर्छ।

धनगढीको घटनाले स्पष्ट रूपमा देखाउँछ कि स्थानीय शासनको सफलता पारदर्शिता, सहभागिता र जिम्मेवारीमा आधारित हुन्छ। यदि यी मूल्यहरू पालन नगरिएमा प्रशासनिक विवाद, द्वन्द्व र अविश्वास उत्पन्न हुन्छ। नियमित बैठक, निर्णयको सार्वजनिकता, कानुनी प्रक्रिया पालन र सदस्य, कर्मचारी संवाद सुधार्न सकिएमा मात्र स्थानीय प्रशासन प्रभावकारी र विश्वसनीय हुन सक्छ।

धनगढी उपमहानगरपालिकाको घटना केवल एउटा प्रशासनिक विवाद मात्र होइन। यो स्थानीय शासनको पारदर्शिता, जनप्रतिनिधिहरूको अधिकार र नागरिक विश्वासको परीक्षण पनि हो। यदि प्रशासनिक प्रक्रिया सही ढंगले पालना गरियो भने मात्र स्थानीय सरकारले जनताको विश्वास जित्न सक्छ र विकासका लक्ष्य हासिल गर्न सक्षम हुन्छ।

धनगढीमा उठेको यो मुद्दाले अन्य स्थानीय सरकारका लागि पनि चेतावनी स्वरूप काम गर्दछ। पारदर्शिता, नियम पालना र जनप्रतिनिधि अधिकारको सम्मान नगरेमा प्रशासनिक विवाद अनिवार्य रूपमा उत्पन्न हुन्छ। यस घटना एक उदाहरण हो कि, स्थानीय सरकारमा पारदर्शिता र सहभागिता सुनिश्चित गर्नु केवल कानुनी दायित्व मात्र नभई नागरिकको विश्वास र शासनको सफलता सुनिश्चित गर्ने आधार पनि हो।

## एक वर्षदेखि चिकित्सकविहीन पशु सेवा विज्ञ केन्द्र




**बैतडी।** बैतडीको पाटनमा रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र एक वर्षदेखि पशु चिकित्सकविहीन छ। विज्ञ केन्द्रमा एक जना पशु सेवा चिकित्सको दरबन्दी एक वर्षदेखि रिक्त छ। करारमा कार्यरत पशु चिकित्सक विशाल पाठक गत वर्षको मंसिरमा कर्णाली प्रदेशमा स्थायी पदमा नाम निकालेपछि हालसम्म विज्ञ केन्द्र चिकित्सकविहीन छ।

सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय मातहत रहेको विज्ञ केन्द्रमा एक वर्षदेखि पशु चिकित्सक नहुँदा पनि पदपूर्ति हुन सकेको छैन। विज्ञ केन्द्रमा पशु चिकित्सक नहुँदा पशु स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा प्रदान गर्न नसकिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाटनका प्रमुख गुमानीदत्त पन्तले बताए। 'पशुमा लाग्ने रोगको पहिचान तथा निदान, निरोगिता प्रमाणित, ल्याब, शल्यक्रिया, डाइग्नोसिस जस्ता पशु स्वास्थ्य सेवा प्रभावित बनेका छन्,' उनले भने, 'विज्ञ केन्द्र भनेपछि एक जना चिकित्सक नियमित नै चाहिन्छ।' यस्तै चिकित्सक नहुँदा जिल्लाबाट बाहिरिने खसी, बोका, भैंसी, राँगा निकासी पैठारीको लागि प्रमाणित गर्न नसकिएको उनले बताए। पशु चिकित्सकसहित १२ जना कर्मचारीको दरबन्दी रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अहिले एक जना पशु विकास अधिकृत र एक जना प्राविधिक गरी दुई जना मात्रै रहेका छन्।

# सुदूरपश्चिमको सम्भावना खोज्दै 'भिजन सुदूरपश्चिम'

**मिसन संवाददाता**
*सुदूरपश्चिम, २७ मंसिर*

प्राकृतिक सौन्दर्य, उर्वर भूमि, मेहनती जनशक्ति र समृद्ध संस्कृतिको भण्डार भए पनि सुदूरपश्चिम प्रदेश विकासका हिसाबले अझै अपेक्षित स्थानमा पुग्न सकेको छैन। दशकौंदेखि पछाडि परेको क्षेत्रका रूपमा चिनिँदै आएको सुदूरपश्चिमलाई अब सम्भावनाको केन्द्रका रूपमा स्थापित गर्ने उद्देश्यसहित सुदूरपश्चिम महोत्सवमा यस वर्ष पहिलोपटक 'भिजन सुदूरपश्चिम' कार्यक्रम सुरु गरिएको छ। प्रदेशको समग्र विकास यात्रालाई नयाँ दृष्टिकोणबाट अघि बढाउने सोचसहित सुरु गरिएको यो कार्यक्रम केवल छलफलमा सीमित छैन, बरु दीर्घकालीन विकासका आधार तयार गर्ने एउटा प्रयास हो। महोत्सवस्थलमै आयोजना भइरहेको 'भिजन सुदूरपश्चिम'मार्फत शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि र पर्यटनजस्ता प्रदेशका प्रमुख क्षेत्रहरूको वर्तमान अवस्था, चुनौती र भविष्यका सम्भावनाबारे गहन बहस भइरहेको छ।




कार्यक्रममा सहभागी विज्ञ, नीति निर्माता, उद्यमी, निजी क्षेत्रका प्रतिनिधि तथा युवाहरूले सुदूरपश्चिममा उपलब्ध स्रोत-साधन, मानव पूँजी र प्राकृतिक सम्पदाको सदुपयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा आफ्ना धारणा राखिरहेका छन्। प्रदेशमा प्रशस्त सम्भावना हुँदाहुँदै पनि दीर्घकालीन योजना, लगानीको अभाव र समन्वयको कमीले विकासले गति लिन नसकेको निष्कर्ष छलफलमा बारम्बार उठिरहेको छ।

शिक्षा क्षेत्रमा गुणस्तर सुधार, स्वास्थ्य सेवामा पहुँच विस्तार, खेलकुदमा प्रतिभा पहिचान, कृषिमा आधुनिकीकरण र पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याइएको छ। सहभागीहरूका अनुसार यी क्षेत्रहरूलाई योजनाबद्ध रूपमा अघि बढाउनसके सुदूरपश्चिम आर्थिक तथा सामाजिक रूपान्तरणको दिशामा अगाडि बढ्न सक्छ।

'भिजन सुदूरपश्चिम' कार्यक्रमको विशेषता भनेको नीति निर्माण तह, निजी क्षेत्र र युवाहरूलाई एउटै मञ्चमा ल्याउनु हो। यसले एकातिर नीतिगत तहमा भइरहेका प्रयासबारे जानकारी गराउँछ भने अर्कोतिर निजी क्षेत्र र युवालाई लगानी तथा उद्यमशीलताको नयाँ अवसरबारे सोच्न प्रेरित गर्छ।

आयोजकहरूका अनुसार प्रदेश विकासका लागि सरकारी प्रयास मात्र पर्याप्त हुँदैनन्। निजी क्षेत्रको लगानी, स्थानीय उद्यमशीलता र युवाको सक्रिय सहभागिता बिना समृद्धि सम्भव नहुने भएकाले सबै सरोकारवालाबीच संवाद र सहकार्य आवश्यक छ। यही सोचअनुसार 'भिजन सुदूरपश्चिम'लाई साझा संवादको मञ्चका रूपमा विकास गरिएको हो।

कार्यक्रमका संयोजक तथा कैलाली उद्योग वाणिज्य संघका सदस्य अजय पाण्डेय भन्छन्, 'सुदूरपश्चिमको विकास तत्कालीन योजनाभन्दा पनि दीर्घकालीन सोचमा आधारित हुनुपर्छ। 'भिजन सुदूरपश्चिम'ले प्रदेशको दीर्घकालीन विकास दृष्टिकोण बुझ्न र सम्भावनामा आधारित लगानी तथा सहकार्यका अवसर पहिचान गर्न मद्दत गर्नेछ।'

उनका अनुसार महोत्सवमा सहभागी दर्शक, उद्यमी र सरोकारवालाले प्रदेशमा रहेका अवसर र चुनौतीलाई नजिकबाट बुझ्ने मौका पाएका छन्। यसले भविष्यमा नयाँ परियोजना, लगानी र साझेदारीको ढोका खोल्ने विश्वास आयोजकको छ।

महोत्सव अवधिभर प्रत्येक दिन फरक-फरक विषयमा केन्द्रित भएर सरोकारवालासँग प्रत्यक्ष संवाद, अन्तरक्रिया र छलफल भइरहेको छ। औपचारिक प्रस्तुति मात्र नभई अनुभव साटासाट, प्रश्न-उत्तर र खुला बहसले कार्यक्रमलाई जीवन्त बनाएको छ।

'भिजन सुदूरपश्चिम'ले सुदूरपश्चिमको विकास सम्भावनालाई केवल कागज र भाषणमा सीमित नराखी व्यवहारिक कार्यदिशातर्फ लैजाने प्रयास गरेको छ। सहभागीहरूका अनुसार यस्ता पहल निरन्तर रूपमा अघि बढे सुदूरपश्चिमको विकास यात्राले नयाँ गति लिनेछ।

सुदूरपश्चिम महोत्सवमा सुरु गरिएको 'भिजन सुदूरपश्चिम' कार्यक्रमले प्रदेशको भविष्यबारे सोच्ने, छलफल गर्ने र सहकार्यको आधार तयार गर्ने अवसर दिएको छ। सम्भावनाले भरिएको सुदूरपश्चिमलाई समृद्धिको दिशामा लैजान साझा सोच, स्पष्ट दृष्टि र दीर्घकालीन प्रतिबद्धता आवश्यक छ। 'भिजन सुदूरपश्चिम' त्यसै दिशामा चालिएको एउटा महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेजी गरीएको सूचना**

यस कार्यलयमा मिति २०८१।०५।२०मा दर्ता भएको डिजिहिमालय टेक्नोलोजी प्रा.लि (प्रा.लि.न.३५१८१३) नामक कम्पनीले दफा १३६क अनुसार दर्ता बिषेश खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागी ३० दिन भित्र यस कार्यलयमा दावी गर्न आउनु हुन सम्बन्धीत सबैको जानकारी लागी यो सुचना प्रकाशित गरीएको छ। तोकीएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिने छ।

**Bhumikasthan Municipality**
**Office of the Municipal Executive**
**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 12-14-2025 (2082-08-28 B.S.)**

1. The Bhumikasthan Municipality inviteselectronic bids for sealed quotations for the Procurement and supply of following works.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.1000/- as bidding document fee in the account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Prabhu Bank Ltd.
   **Name of the Office:** Bhumikasthan Municipality, Arghakhanchi.
   **Office Code no:** 801055101
   **Office Account no:** 2587086986800138
   **Rajaswa (revenue) Shirshak no:** 14249
4. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   **Name of the Bank:** Prabhu Bank Ltd.
   **Name of the Office:** Bhumikasthan Municipality, Arghakhanchi.
   **Office Code no:** 801055101
   **Office Account no:** 2587086986800048
   **Account Name :** Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, ArghakhanchiLumbini Province, Nepal at 23rd December, 2025 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 29th December, 2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 29th December, 2025 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive VAT and Contingencies) | Bid Security Amount In NRs |
|---|---|---|---|---|
| 14/BMA/G/SP/2082/083 | Sanitary Pad Procurement and Supply Works. | NRs. 1000.00 (Not Refundable) | | 37500 |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# अमेरिकी डलरको मूल्य उच्च बिन्दुमा

सिमन संवददाता
काठमाडौं, २७ मंसिर



नेपाल राष्ट्र बैंङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। निर्धारित विनिमयदर अनुसार अमेरिकी डलरको भाऊ हालसम्मकै उच्च बिन्दुमा पुगेको छ। विनिमयदर अनुसार अमेरिकी डलर एकको खरिददर १४४ रूपैयाँ ३७ पैसा र बिक्रीदर १४४ रूपैयाँ ९७ पैसा निर्धारण गरिएको छ।

यसैगरी युरोपियन युरो एकको खरिददर १६९ रूपैयाँ २४ पैसा र बिक्रीदर १६९ रूपैयाँ ९५ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १९३ रूपैयाँ ०२ पैसा र बिक्रीदर १९३ रूपैयाँ ८२ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८१ रूपैयाँ ४८ पैसा र बिक्रीदर १८२ रूपैयाँ २४ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९६ रूपैयाँ १९ पैसा र बिक्रीदर ९६ रूपैयाँ ५९ पैसा, क्यानेडियन डलर एकको खरिददर १०४ रूपैयाँ ९१ पैसा र बिक्रीदर १०५ रूपैयाँ ३४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १११ रूपैयाँ ७५ पैसा र बिक्रीदर ११२ रूपैयाँ २१ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रूपैयाँ २६ पैसा र बिक्रीदर नौ रूपैयाँ २९ पैसा, चिनियाँ युआन एकको खरिददर २० रूपैयाँ ४६ पैसा र बिक्रीदर २० रूपैयाँ ५५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रूपैयाँ ४७ पैसा र बिक्रीदर ३८ रूपैयाँ ६३ पैसा, कतारी रियाल एकको खरिददर ३९ रूपैयाँ ६१ पैसा र बिक्रीदर ३९ रूपैयाँ ७७ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रूपैयाँ ५८ पैसा र बिक्रीदर चार रूपैयाँ ६० पैसा, युएई दिराम एकको खरिददर ३९ रूपैयाँ ३१ पैसा र बिक्रीदर ३९ रूपैयाँ ४७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रूपैयाँ २१ पैसा र बिक्रीदर ३५ रूपैयाँ ३५ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ७८ पैसा र बिक्रीदर नौ रूपैयाँ ८२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रूपैयाँ ५३ पैसा र बिक्रीदर १५ रूपैयाँ ५९ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रूपैयाँ ६६ पैसा र बिक्रीदर २२ रूपैयाँ ७५ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १८ रूपैयाँ ५४ पैसा र बिक्रीदर १८ रूपैयाँ ६२ पैसा, कुवेती दिनार एकको खरिददर ४७० रूपैयाँ ५८ पैसा र बिक्रीदर ४७२ रूपैयाँ ५४ पैसा, बहराइन दिनार एकको खरिददर ३८२ रूपैयाँ ९७ पैसा र बिक्रीदर ३८४ रूपैयाँ ५६ पैसा, ओमनी रियाल एकको खरिददर ३७४ रूपैयाँ ९८ पैसा र बिक्रीदर ३७६ रूपैयाँ ५४ पैसा रहेको छ। भारतीय रूपैयाँ एक सयको खरिददर १६० रूपैयाँ र बिक्रीदर १६० रूपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।

# बुटवलमा नयाँ ब्लु स्क्वायर शोरूमको उद्घाटन

मिसन संवाददाता
बुटवल, २७ मंसिर

यामाहा नेपालले बुटवलमा आफ्नो नयाँ यामाहा ब्लु स्क्वायर शोरूमको भव्य शुभारम्भ गरेको छ। जसको सञ्चालन बाइकर्ज बुटवल प्रालिले गर्नेछ। यो अत्याधुनिक सुविधा यामाहाको राष्ट्रव्यापी विस्तार रणनीतिमा एक महत्वपूर्ण माइलस्टोन हो, जसले लुम्बिनी प्रदेशमा यामाहाको प्रिमियम शोरूम र सेल्स उपस्थितिलाई मजबुत बनाउनुका साथै ग्राहक अनुभवलाई पनि उच्च बनाउने जनाइएको छ।

उद्घाटन समारोहमा यामाहा मोटर इन्डिया सेल्स प्रालिका निर्देशक हिरोशी सेतोगवासान प्रमुख अतिथि, एमएडब्लु ग्रुप अफ कम्पनीजका प्रबन्ध निर्देशक विष्णुकुमार अग्रवाल विशेष अतिथि रहेका थिए। त्यसैगरी यामाहा मोटर इन्डिया सेल्स प्रालिका एक्सपोर्ट मार्केटिङ राजदीप सिंह ग्रेवाल सान जिएम वाई.एम.आइ.ए, एमएडब्लु राइड्स प्रालिका कार्यकारी निर्देशक एवम् सिइओ दीपककुमार अग्रवालका साथै प्रतिष्ठित बैंकर, कर्पोरेट क्षेत्रका प्रतिनिधि र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

नयाँ ब्लु स्क्वायर शोरूम यामाहाको विश्वव्यापी प्रिमियम सेल्स पहिचानलाई प्रतिविम्बित गर्न डिजाइन गरिएको हो। यसमा ब्रान्डको सम्पूर्ण थ्री एस (थ्रक) पूर्वाधार सेल्स, सर्भिस र स्पेयर पाट्र्सको सुविधा रहेको छ, जसले ग्राहकहरूलाई एकै छानामुनि सम्पूर्ण सेवा अनुभव सुनिश्चित गर्छ।




तालिमप्राप्त सर्भिस स्टाफ, आधुनिक उपकरण र जेनुइन स्पेयर पाट्र्सको लागि डेडीकेटेड स्पेसले सुसज्जित यस शोरूमले उत्कृष्ट सेवा र आफ्टर सेल्स सर्भिसप्रदान गर्दछ। ब्लुले यामाहाको प्रतिष्ठित ब्रान्डकलरलाई प्रतिनिधित्व गर्छ, अनि स्क्वायरले वान-स्टप खरिद केन्द्रलाई जनाउँछ ब्लु स्क्वायरमा ग्राहकहरूले मोटरसाइकल, स्कुटर, एक्सेसरीज, राइडिङ गियरहरू एकै ठाउँमा खरिद गर्न सक्छन्। यो आकर्षक वातावरणले ग्राहकहरूलाई प्रिमियम रिटेलको अनुभवका साथै यामाहाको स्टाइल, प्रगतिशील प्रविधि र राइडरको अत्यधिक सन्तुष्टिप्रतिको समर्पणलाई पनि झल्काउँछ।

उद्घाटन कार्यक्रममा बोल्दै एमएडब्लु ग्रुप अफ कम्पनीजका प्रबन्ध निर्देशक विष्णुकुमार अग्रवालले बाइकर्ज बुटवल टिमलाई बधाई दिँदै यामाहाको ब्रान्ड पहिचानको लागि ब्लु स्क्वायरको सिद्धान्त र महत्वमाथि प्रकाश गर्दै भने, 'ब्लुले सधैँ यामाहाको युथ, पर्फर्मेन्स, फन, प्यासनर बलियो रेसिङ डिएनएको भावनालाई प्रतिनिधित्व गर्दै आएको छ। ब्लु स्क्वायर शोरूम, यस सिद्धान्तलाई वास्तविक बनाउन डिजाइन गरिएको हो। यहाँका तालिमप्राप्त कर्मचारी र प्राविधिकहरूले विश्वस्तरको सेवा दिन्छन्। बिक्री र सेवा मात्र होइन, ब्लु स्क्वायरले राम्रो आतिथ्य र यामाहाले परिकल्पना गरेको जीवनशैली पनि देखाउँछ। यसले हाम्रो बाइक, स्कूटर र यामाहा मर्चेन्डाइज मात्र होइन, प्रत्येक यामाहा राइडरको सोच, चाहना र उत्साहलाई झल्कउँछ।'




यामाहा मोटर इन्डिया सेल्स प्रालिका निर्देशक हिरोशी सेतोगवाले बाइकर्ज बुटवल टिमलाई सफल शुभारम्भको लागि बधाई दिँदै ग्राहक सन्तुष्टिप्रति यामाहाको अटल प्रतिबद्धतामाथि जोड दिए। उनले भने, 'यामाहामा ग्राहक सन्तुष्टि सधैँ हाम्रो पहिलो प्राथमिकता हो, हामी विश्वस्त छौं कि बाइक बुटवलले यसक्षेत्रमा यामाहा ग्राहकहरूलाई उत्कृष्ट सेवा र प्रिमियम अनुभवहरू प्रदान गर्न नयाँ स्थर कायम गर्नेछ। हामीलाई विश्वास छ।'

## काफ्ले डाँडालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गरिँदै



**भोजपुर।** सदरमुकाम नजिकै रहेको काफ्ले डाँडालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने काम अघि बढाइएको छ।

भोजपुर नगरपालिका-९ मा पर्ने यस स्थानलाई आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गर्दै संरक्षण तथा संरचना निर्माणको काम निरन्तर रहेको वडाध्यक्ष रामबहादुर तामाङले जानकारी दिए।

वडाको रु छ लाख र प्रदेश सरकारको रु १० लाख गरी कूल रु १६ लाखमा यहाँ दुईतिरबाट बारा (रेलिङ) सहितको पदमार्ग, धारा, शौचालय र वनभोज स्थल निर्माण गरिएको छ।

'हामी काफ्ले डाँडालाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दैछौं,' वडाध्यक्ष तामाङले भने, 'यो स्थान सुन्दर मात्र होइन, सदरमुकाम नजिक भएकाले पर्यटकलाई आकर्षित गर्ने धेरै सम्भावना छ, त्यसैले उपलब्ध स्रोतसाधनले भ्याएसम्मका संरचना तयार गरेका छौं।'

यसवर्ष थप संरचना निर्माणका लागि वडाले रु एक लाख ५० हजार विनियोजन गरेको छ। काफ्ले डाँडालाई अझ आकर्षक बनाउन बुद्धको मूर्ति स्थापना र दुईतिरबाट बारा राखेर सुरक्षित पैदलमार्ग बनाउने योजना रहेको वडाध्यक्ष तामाङले बताए। बजेट अभावका कारण केही काम अधुरो रहेको उनको भनाइ छ।

काफ्ले डाँडाबाट भोजपुर बजार, आसपासका बस्ती, हरियाली वनक्षेत्र तथा टाढासम्मका हिमश्रृंखलासमेत अवलोकन गर्न सकिने भएकाले यहाँ दैनिक रूपमासमेत घुमफिर तथा फोटो खिच्न आउनेको संख्या बढ्दो छ। विशेषगरी बिदाका दिन, नयाँ वर्ष तथा फूल फुल्ने मौसममा यहाँ आगन्तुकको चहलपहल उल्लेख्य रूपमा देखिने गरेको स्थानीयले बताएका छन्। पर्यटन व्यवसायीले यस क्षेत्रको प्रभावकारी व्यवस्थापन र प्रचारप्रसार हुन सकेमा स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष फाइदा हुने अपेक्षा राखेका छन्।

# राजस्व चुहावट नियन्त्रणमा सशक्त बन्दै पर्साको सशस्त्र प्रहरी

मिसन संवाददाता
वीरगञ्ज (पर्सा), २७ मंसिर

सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेड क्वाटर पर्साले चालू आर्थिक वर्षको झण्डै पाँच महिनाको अवधिमा राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी ढङ्गले काम गर्दै आइरहेको छ।

सशस्त्र प्रहरीले चालू आर्थिक वर्षको पाँच महिनामा मात्रै सीमावर्ती भारतीय बजारबाट भन्सार छली गरेर भित्र्याइएका रु १३ करोड ६२ लाख ७२ हजार ६९५ मूल्य पर्ने वस्तु तथा सामान बरामद गरेर वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेड क्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले सशस्त्र प्रहरीको सक्रियता बढाएसँगै अवैध चोरी/तस्करी गरेर भित्र्याइने वस्तु तथा सामान नियन्त्रणमा लिने क्रम ह्वात्तै बढेको जानकारी दिए।

'सशस्त्र प्रहरीले गत आवभरिमा रु २८ करोड ९२ लाख ५० हजार मूल्य पर्ने अवैध चोरी तस्करीका सामान बरामद गरेका थियौँ,' उनले भने, 'चालू आवमा पनि बरामदी हुने सामानको उल्लेखनीय मात्रामा बढेकाले पनि गत आवको भन्दा धेरै बरामदी हुने आशा गरेका छौँ।'

सशस्त्र प्रहरी बल नेपाल पर्साले चालू आवको झण्डै पाँच महिनाको अवधिमा बीलविजकभन्दा बढीका रु आठ करोड ५९ लाख ७२ हजार ७५० मूल्य पर्ने सामान राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ। जबकी सशस्त्र प्रहरीले गत आवभरिमा भने रु ११ करोड ९९ लाख ४७ हजार १७८ मूल्य पर्ने बीलविजकभन्दा बढीका सामान राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको थियो।




सशस्त्र प्रहरी उपरीक्षक भट्टले पर्सामा १०७ किलोमिटर खुला सीमा नाका छिमेकी मुलुक भारतसँग जोडिएकाले पनि सशस्त्र प्रहरले चोरी तस्करी नियन्त्रणमा प्रभावकारी कदम चाल्दै आइरहेको बताए।

'हामीले तालिमप्राप्त कुकुरदेखि २४सै घण्टा सशस्त्र प्रहरी सीमा क्षेत्रमा खटाएर चोरी तस्करी नियन्त्रण गर्नका लागि प्रभावकारी कदम चाल्दै आइरहेका छौँ,' उनले भने, 'सशस्त्र प्रहरीले चोरी तस्करी नियन्त्रणमा कदम चालेसँगै वीरगञ्ज भन्सार कार्यालयले पनि उत्साहजनक ढङ्गले राजस्व सङ्कलन गर्दै आइरहेको छ।'

वीरगञ्ज भन्सार कार्यालयले चालू आवको रु चार महिनामा ७५ अर्ब ५९ करोड राजस्व सङ्कलन गरेको छ। जबकी गत आव सोही अवधिमा भने कार्यालयले रु ६६ अर्ब ७३ करोड मात्रै राजस्व सङ्कलन गरेको छ। गत आवको चार महिनाको तुलनामा चालू आवको चार महिनाको अवधिमा वीरगञ्ज भन्सार कार्यालयले १३ प्रतिशत अर्थात् रु आठ अर्ब ७६ करोड बढी राजस्व सङ्कलन गरेको छ।

सशस्त्र प्रहरी उपरीक्षक भट्टले चालू आवमा बेमौसमी बर्सात, जेनजी प्रदर्शन, छिमेकी मुलुक भारतको विहार राज्यमा भएको विधानसभा निर्वाचन लगायतको बाबजुत पनि राजस्व सङ्कलनमा उत्साहजनक देखिनु सकारात्मक पाटो रहेको बताए।

'सशस्त्र प्रहरीले आफ्नो जिम्मेवारीलाई इमान्दारीपूर्वक कार्यसम्पादन गर्दै आइरहेको छ,' उनले भने, 'अहिले पर्सा जिल्लामा हुने चोरी तस्करी नियन्त्रणमा पनि सबैको साथ र सहयोगको कारणले पनि उल्लेखनीय प्रगति हासिल गर्न सकिरहेका छौँ।' सशस्त्र प्रहरी बल पर्साले विपद्मा उद्धार पनि उत्तिकै प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेको छ। गत असोज १८ र १९ गतेको बाढीमा पनि यहाँ भएको डुबानमा सुत्केरी महिला लगायतको उद्धारमा सक्रियतापूर्वक खटिएको थियो। त्यस्तै गरी सशस्त्र प्रहरीले कटुवा पेस्तोलसहित दुई जना व्यक्तिलाई नियन्त्रणमा लिएर नेपाल प्रहरीको जिम्मा लगाएको छ।

सशस्त्र प्रहरीले चालू आवको झण्डै पाँच महिनाको अवधिमा ३५० किलोग्राम गाँजा नियन्त्रणमा लिएको छ। त्यस्तै गरी सोही अवधिमा ३० दशमलव ९८ किलोग्राम चरेश पनि नियन्त्रणमा लिएको छ।

# केन्द्रीय बैङ्कले उपदान कोषमा रहेको रकम लगानी गर्ने




मिसन संवाददाता
काठमाडौं, २७ मंसिर

नेपाल राष्ट्र बैङ्कले उपदान तथा पेन्सन कोषमा रहेको रु छ अर्ब ६० करोड बराबरको रकम बैङ्क तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ।

केन्द्रीय बैङ्कले सूचना प्रकाशित गरी आफूले लिन चाहेको रकम र ब्याजदरसमेत प्रस्ताव गरी आवेदन पेस गर्न आग्रह गरेको छ।

केन्द्रीय बैङ्कले एक वर्षका लागि लगानी गर्न लागिएकाले यही मंसिर २९ गतेभित्र ब्याजदर प्रस्ताव गर्न आग्रह गरेको छ। राष्ट्र बैङ्कले 'क' वर्गका वाणिज्य बैङ्कमा रु पाँच अर्ब २८ करोड, 'ख' वर्गका विकास बैङ्कमा रु ९९ करोड र 'ग' वर्गका वित्त कम्पनीमा रु ३३ करोड बराबर लगानी गर्न लागिएको सूचनामा उल्लेख छ।

बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा भएको, तोकिएको न्यूनतम कूल कर्जा पूँजी कोष कायम भएको, निष्क्रिय कर्जा कूल कर्जा सापटीको आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेकोलगायतका शर्त पूरा गरेको हुनुपर्नेछ।

त्यसैगरी केन्द्रीय बैङ्कले कर्मचारी सुरक्षण कोषमा रहेको रु एक अर्ब बराबरको रकम बैङ्क तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ। एक वर्षका लागि लगानी गर्न लागिएको उक्त रकमको ब्याजदरसहित प्रस्ताव गर्न सूचनामा आग्रह गरिएको छ।

सूचनाअनुसार 'क' वर्गका वाणिज्य बैङ्कमा रु ८० करोड, 'ख' वर्गका विकास बैङ्कमा रु १५ करोड र वित्त कम्पनीमा रु पाँच करोड बराबर लगानी गर्न लागिएको हो।

यही मङ्सिर २८ गतेसम्म आवश्यक कागजात र विवरणसहित निवेदन दिन केन्द्रीय बैङ्कले आग्रह गरेको छ।

Mob:9829602188
लाइफलाइन जनरल हस्पिटल
डा. पारस श्रेष्ठ
एम.बी.बी.एस.एम.डी
कन्सल्टेन्ट फिजिसियन, मृगौला रोग विशेषज्ञ
अब डायलिसिस सेवा पनि
डा. क्रिस्टीन श्रेष्ठ
एम.बी.बी.एस.एम.डी.एफ.पी.सी.पी. कन्सल्टेन्ट फिजिसियन
विभागीय प्रमुख सुशील कोइराला प्रखर क्यान्सर अस्पताल

गणपति डेण्टल क्लिनिक
Mob:9742818406, 9808549451
डा. प्रतिक श्रेष्ठ
बि.डि.एस.(दिल्ली) मिति रेडियोलोजी लेजर एण्ड इम्प्लान्ट (अमेरिका)
डेण्टल सर्जन एण्ड इम्प्लाटोलोजिस्ट, गणपति डेण्टल क्लिनिक
Dental-Maxillofacial-Trauma, Fixed Orthodontic & Implant Center

नेपालगञ्ज उप-महानगरपालिका-१३ सदरलाईन, सरस्वती स्कूल सामुन्ने, बाँके, फोन नं. : ०८१-५३३०७८

नेपाल प्रिमियर लिग

# लुम्बिनी लायन्सलाई एनपीएल दोस्रो संस्करणको उपाधि

**सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) सिजन-२ को उपाधि लुम्बिनी लायन्सले जितेको छ । साविक उपविजेता सुदूरपश्चिम रोयल्सलाई ६ विकेटले पराजित गर्दै लुम्बिनीले उपाधि जितेको हो । लुम्बिनी लायन्सका कप्तान रोहित पौडेल नेपाल प्रिमियर लिग (एनपीएल)को उत्कृष्ट नेपाली खेलाडी भए । यस सिजन रोहितले २७४ रन बनाएको छन् भने १० विकेट लिएका छन् । लुम्बिनीकै रुवेन ट्रम्पल म्यान नेपाल प्रिमियर लिग (एनपीएल) सिजन-२ को सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् ।**

**सुमन अधिकारी**
*बुटवल, २७ मंसिर*

साविक उपविजेता सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै लुम्बिनी लायन्सले सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) सिजन-२ को उपाधि जितेको छ। लुम्बिनीले सुदुरपश्चिमलाई ६ विकेटले पराजित गरेको हो। फाइनलमा सुदूरपश्चिमले दिएको ८६ रनको सामान्य लक्ष्य लुम्बिनीले ९ ओभरमै पूरा गर्दै च्याम्पियन बन्न सफल भयो।

एनपीएलको पहिलो उपाधि जनकपुर बोल्ट्सले जितेको थियो। फाइनलमा सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले हराउँदै जनकपुरले एनपीएलको पहिलो संस्करणको उपाधि जितेको हो।

एनपीएलको पहिलो सिजनमा सिजन अंकतालिकामा पुछारमा रहेको लुम्बिनी च्याम्पियन बन्दा सुदूरपश्चिम भने लगातार उपविजेतामा सीमित हुन पुगेको छ। लुम्बिनीले च्याम्पियन बन्ने क्रममा पछिल्लो ६ खेलमा लगातार जित हात पारेको छ। पहिलो खेलमा चितवन राइनोजलाई पराजित गरेपछि लगातार तीन खेलमा पराजित हुँदा कुनै समयमा लिग चरणबाटै बाहिरिने खतरामा पुगेको लुम्बिनीले त्यसपछि सानदार पुनरागमन गर्दै एनपीएलकै उपाधि जितेको हो।

लुम्बिनीले सुदूरपश्चिमले दिएको ८६ रनको लक्ष्य मात्र ९ ओभरमा ४ विकेटको क्षतिमा पूरा गर्‍यो। लुम्बिनीका लागि ओपनर दिनेश अधिकारीले ४२ रन जोडे भने डार्सी शर्टले १४ रन तथा कप्तान रोहितकुमार पौडेलले १६ रन बनाएका हुन। पहिलो ओभरमा सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीलाई ४ छक्का प्रहार गरेका अधिकारीले १३ बलमा १ चौका र ५ छक्काको मद्दतमा ४२ रन बनाएका हुन्। सुदूरपश्चिमका तर्फबाट हेमन्त धामीले २ तथा अभिनाश बोहोरा र दिपेन्द्रसिंह ऐरीले लुम्बिनीका १-१ विकेट लिएका हुन्।

टियु क्रिकेट मैदानमा सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले टस जितेर ब्याटिङ गर्ने निर्णय लिएका थिए। तर उनको त्यो निर्णय उनको टिमको पक्षमा रहन सकेन्। सुदूरपश्चिमको फाइनलको इनिङ्स ध्वस्त बनाउने क्रममा लुम्बिनी कप्तान रोहित पौडेल, शेर मल्ल र रुबेन ट्रमपल म्यानले धारिलो बलिङ गरेका थिए। सुदूरपश्चिमको इनिङ्स धराशयी बनाउने क्रममा लुम्बिनीका कप्तान रुबेन ट्रम्पल म्यान, रोहित पौडेल र शेर मल्लले सानदार बलिङ गर्दै ३-३ विकेट लिएका हुन्। सुदूरपश्चिमले २० ओभरमा सबै विकेट गुमाउँदै ८५ रन मात्र बनाउन सक्यो।

सुदूरपश्चिमले जब पहिलो पावर प्लेमा सुदूरपश्चिम ३ विकेट गुमाएर मात्र २० रन बनायो। सुदूरपश्चिमको ओपनिङमा विनोद भण्डारी र इशान पाण्डे आएकोमा पहिलो ओभरको अन्तिम बलमा ओपनर विनोद गोल्डेन डक आउट हुन पुगे। ट्रम्पल म्यानको बलमा दिनेश अधिकारीद्वारा उनी क्याच आउट भए। तेस्रो ओभरमा वान डाउनमा आएका सेल्डन ज्याक्सन १ रनमा ट्रम्पल म्यानकै बलमा एलबिडब्लु धरापमा परे। दोस्रो विकेट गुमाउँदा सुदूरले मात्र ७ रन बनाएको थियो। लगत्तै आरिफ शेख ६ रन जोडेर शेर मल्लको बलमा एलबिडब्लु आउट भए। १९ रन जोड्दा ३ विकेट गुमाएसँगै सुदूरपश्चिम दबाबमा आयो। १० ओभर सकिँदा मात्र ४१ रनमा समेटियो।

सुदूरलाई ११औं ओभरमा फेरि अर्को झट्का लाग्यो। सो ओभरमा कप्तान रोहितले ह्याट्रिक विकेट लिन सफल रहे। ११औं ओभरको चौथो बलमा सुदूरपश्चिमका कप्तान तथा भरपर्दा खेलाडी दीपेन्द्र १३ रनमा ट्रम्पल म्यानद्वारा क्याच आउट भए। सोही ओभरको पाँचौं बलमा दीपक बोहरालाई गोल्डेन डक आउट गरे। उनी सन्दीप जोराद्वारा समातिए। यसपछि यो ओभरको छैटौं तथा अन्तिम बलमा पुनित मेहरालाई एलबिडब्लु डक आउट गराउन सफल भए।

रोहित एनपीएलमा नै ह्याट्रिक विकेट लिने दोस्रो खेलाडी बनेका छन्। यसअघि काठमान्डु गुर्खाजका साहब अलामले पोखरा एभेन्जर्सविरूद्ध ह्याट्रिक विकेटको सफलता प्राप्त गरेका थिए। ११ ओभर सकिँदा ४४ रन बनाउँदा सुदूरपश्चिम संकटमा पर्‍यो। ओपनर इशानबाहेक अन्य खेलाडी क्रिजमा टिक्न सकेनन्। हर्मित सिंहलाई शेरले डार्सी सटद्वारा क्याच आउट गराए। उनले मात्र १० रन बनाएका थिए। सुदूरपश्चिमको आठौं विकेटको रूपमा ओपनर इशानलाई शेरले आउट गर्न सफल भएका हुन्।

सुदुरले १६औं ओभरको तेस्रो बलमा ५१ बलमा १ चौकासहित ३३ रन बनाएका इशान क्याच आउट हुन पुगे। नवौं विकेटको रूपमा स्कट कुगेलेन १० रन बनाएर तिलक भण्डारीद्वारा आउट भए। स्कट १० रनमा आउट भएसँगै सुदूरपश्चिम ८५ रनमा समेटिन पुग्यो। लुम्बिनीका लागि बलिङतर्फ ट्रम्पल म्यानले २ ओभर १ बलमा ३ रन दिएर ३ विकेट, रोहितले ४ ओभरमा १२ रन दिएर ३ विकेट लिए। त्यस्तै शेरले ४ ओभरमा १८ रन दिएर ३ विकेट लिएका हुन्।




## लुम्बिनी लायन्सको च्याम्पियन ‘कथा’

लुम्बिनी लायन्सको ‘च्याम्पियन यात्रा’ निकै रोचक रह्यो। गत सिजन अंक तालिकाको पुछारमा रहेर बाहिरिने पहिलो टोली बनेको थियो। गत सिजनमा पुछारमा हुँदै सिजनको अन्त्य गरेको थियो। दोस्रो संस्करणमा च्याम्पियन बनेको छ। सिजनको पावर हिटर सुदूरपश्चिमलाई फाइनलमा स्तब्ध बनाउँदै लुम्बिनीले उपाधि जितेको हो।

लुम्बिनीले दोस्रो सिजनको पहिलो खेल जितेर राम्रो सुरूआत गरेको थियो। लुम्बिनी त्यसपछिका तीन खेलमा लगातार पराजित भयो। त्यसपछि लुम्बिनी यो सिजन पनि संकटमा परेको थियो। सिजनको सुरुमा बाहिरिने चरणमा पुगेपछि फ्यान मात्र होइन टिम लगानीकर्ताले पनि सामाजिक सञ्जालबाट निराशा व्यक्त गरेका थिए। तर चौथो खेलपछि प्रत्येक खेल लुम्बिनीका लागि नकआउट जस्तै थियो। एक खेल हारेमा उसको ‘खेल खत्तम’ हुने स्थिति थियो। तर उसले लिग चरणमा पाँचौं खेल जितेर आशा बढायो। त्यसपछि छैटौं र सातौं खेल जितेर प्लेअफमा स्थान पक्का गर्‍यो।

यतिमा मात्र रोकिएन लुम्बिनीले, एलिमिनेटरको ‘नकआउट खेलमा’ काठमान्डु गोर्खाजलाई पाखा लगायो। दोस्रो क्वालिफायरमा विराटनगर किंग्समाथि एकपक्षीय जित निकालेर फाइनलमा स्थान बनायो। फाइनलमा पनि लुम्बिनीको रवाफ उस्तै रह्यो। प्रतियोगिताकै सबभन्दा राम्रो मानिएको सुदूरपश्चिम रोयल्समाथि सहज जित निकाल्यो। लुम्बिनी ६ खेलमा अपराजित रहँदा सिजनको च्याम्पियन बन्न सफल भयो। पहिलो खेलमा चितवन राइनोजलाई ६ विकेटले पराजित गरेपछि लुम्बिनी लगातार तीन खेलमा हारेको थियो। लुम्बिनीले दोस्रो खेलमा कर्णालीसँग ९ विकेट, तेस्रो खेलमा काठमान्डुसँग २२ रन र चौथो बेलमा सुदूरपश्चिमसँग ७ विकेटको पराजय भोगेको थियो।

त्यसपछि एक हारले उसको यात्रा सकिने अवस्था थियो। तर उसले त्यसपछि लिग चरणमा पोखरालाई ३ विकेट, विराटनगरलाई ५ विकेट र जनकपुरलाई ४ विकेटले पराजित गरेर अंक तालिकामा चौथो बनेर प्लेअफमा स्थान बनायो। एलिमिनेटमा लुम्बिनीले काठमान्डुलाई ४ विकेटले हराएर दोस्रो क्वालिफायरमा स्थान बनायो। यस्तै दोस्रो क्वालिफायरमा पनि उसले विराटनगरलाई ४० रनले हराएर फाइनलमा स्थान बनाएको थियो। फाइनलमा पनि सुदूरपश्चिममाथि जित निकालेर उपाधि जितेर एउटा उत्कृष्ट पुनरागमन गरेको लुम्बिनीले लगातार तीन खेलको पराजयपछि लगातार ६ खेलमा जित निकाल्दै उपाधि जित्यो।

## लुम्बिनीका कप्तान रोहितले जिते कार

लुम्बिनीका रुवेन ट्रम्पलम्यान नेपाल प्रिमियर लिग (एनपीएल) सिजन-२ को सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्। लुम्बिनीलाई च्याम्पियन बनाउन महत्वपूर्ण भूमिका खेलेका रुवेन सर्वोत्कृष्ट खेलाडी घोषित भए। उनले प्रतियोगिताभर १५ विकेट लिनुका साथै ६५ रन बनाए। उनले ५ लाख रूपैयाँ प्राप्त गरे। लुम्बिनीकै कप्तान रोहित पौडेल उत्कृष्ट ब्याटर, विराटनगरका कप्तान सन्दीप लामिछाने उत्कृष्ट बलर र लुम्बिनीका शेर मल्ल उत्कृष्ट उदीयमान खेलाडी घोषित भए। रोहितले लिगमा २७६ रन बनाए। सन्दीप र शेरले समान १७-१७ विकेट लिए। तिनैवटै खेलाडीले पल्सर बाइक पाए। लुम्बिनीका कप्तान रोहित सर्वोत्कृष्ट खेलाडी खेलाडी बन्दै कार पनि जितेका छन्। उनले २७६ रन बनाउनुका साथै १० विकेट लिए।

## शेर मल्लले जिते लगातार दोस्रो उपाधि

लुम्बिनी लायन्सका स्पिनर शेर मल्ल र सुदूरपश्चिमका तीव्र गतिका बलर हेमन्त धामीले गत सिजन जनकपुरका लागि उपाधि जितेका थिए। यो सिजनका लागि जनकपुरले रिलज गरेसँगै मिनिअक्सनबाट हेमन्तलाई सुदूरपश्चिम र शेरलाई लुम्बिनीयले भित्र्याएका थिए। यो सिजन लुम्बिनी आएसँगै शेरले दोस्रो उपाधि जितेका हुन्। मल्लले सिजन लुम्बिनीलाई च्याम्पियन बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरे। उनले १० खेलमा १७ विकेट लिए। फाइनलमा ३ विकेट लिएका मल्ल सर्वाधिक विकेट लिने बलरको सूचीमा सन्दीप लामिछानेसँगै शीर्ष स्थानमा रहन सफल भए। उनलाई भारतीय कमेन्टेटर आकाश चोपडाले आइपिएल खेल्न सक्ने बलरको रूपमा चित्रित गरेका थिए। यस्तै काठमान्डु गोर्खाज तथा नेपाली राष्ट्रिय टोलीका पूर्वप्रशिक्षक मोन्टी देसाइले पनि उनको प्रशंसा गरेका थिए।

# खजुरा मेयर रनिङ शिल्ड प्रतियोगिता नतिजा आउन सुरु

**खगेन्द्र दाहाल**
*खजुरा (बाँके), २७ मंसिर*

बाँकेको खजुरामा जारी आठौं अन्तरविद्यालय मेयर रनिङ शिल्ड खेलकुद प्रतियोगिताको नतिजा आउन सुरु भएको छ। खजुरा ४ ‘डी’ गाउँमा रहेको मिनी रङ्गशालामा आयोजित प्रतियोगितामा लङ्गजम्प खेलमा शनिबार सम्पन्न प्राथमिक तह छात्रातर्फ गोल्डेन ग्यालेक्सी एकेडमी प्रथम भएको छ। यस्तै, भानु मावि उढरापुर दोस्रो र जनता मावि बठवा तेस्रो भएका छन्।

प्राथमिक तहमै १०० मिटर दौडमा जनता मावि बठवा प्रथम, गोल्डेन ग्यालेक्सी एकेडमी दोस्रो र मनकामना मावि बलभद्रपुर तेस्रो भए। प्राथमिक तह तर्फ ४ गुणा १०० मिटर रिलेमा गोल्डेन ग्यालेक्सी एकेडमी प्रथम बन्यो। सोही प्रतियोगितामा जनता मावि बठवा दोस्रो र जन कल्याण मावि शान्तिनगर तेस्रो भए।

लङ्गजम्प प्राथमिक तह छात्रको फाइनल खेलतर्फ जनकल्याण मावि शान्तिनगर प्रथम बन्यो। यस्तै, जनता मावि बठवा दोस्रो र ने.रा.मा.वि. मनकामनापुर तेस्रो भए। सम्पन्न प्राथमिक तहतर्फमा १०० मिटरको दौडमा ने.रा.मा.वि. मनकामनापुर प्रथम भएको छ। दोस्रो जनकल्याण मावि शान्तिनगर तेस्रोमा आर्दश मावि ‘डी’ गाउँ सफल भए। प्राथमिक तहतर्फ छात्र ४ गुणा १०० मिटर रिलेमा ने.रा.मा.वि मनकामनापुर प्रथम, जनता मावि बठवा दोस्रो र जनकल्याण मावि शान्तिनगर तेस्रो भए।



तस्बिर : तिलक गाहा मगर

शटपुटमा निम्न माध्यमिक तह अमर मावि गौतम बस्ती प्रथम, जनसेवा मावि पुरैना गिजरा दोस्रो र सिटिजन नमुना इमि स्कुल तेस्रो बन्यो। निम्न माध्यमिक तह एक सय मिटर दौडमा जनसेवा मावि पुरैना गिजरा प्रथम भयो। मैटहवा मावि चन्द्रनगर दोस्रो र ने.रा.आ.वि. धौलागिरी तेस्रो भए। निम्न माध्यमिक तह ८ सय मिटर दौडमा आदर्श मावि ‘डी’ गाउँ प्रथम भयो।

यस्तै, जनसेवा मावि पुरैना गिजरा दोस्रो र सिटिजन नमुना इमि स्कुल तेस्रो बनेको प्रचार संयोजक खगेन्द्र दाहालले जानकारी दिए। २ सय मिटर दौडमा ज्ञानोदय नमुना मावि खजुरा प्रथम, ने.रा.आ.वि. धौलागिरी दोस्रो र जनसेवा मावि पुरैना गिजरा तेस्रो भए। निम्न माध्यमिकतर्फ लङ्गजम्प खेलमा जनसेवा मावि पुरैना गिजरा प्रथम, अमर मावि गौतम बस्ती दोस्रो र ने.रा.आ.वि. धौलागिरी तेस्रो भए। निम्न माध्यमिक तहमा ४ गुणा १०० मिटर रिलेमा जनता मावि सन्तकुटि प्रथम बन्यो। सोही खेलमा आदर्श मावि ‘डी’ गाउँ दोस्रो र जनसेवा मावि पुरैना गिजरा तेस्रो भए।

शटपटुमा छात्रतर्फको फाइनल नतिजामा निम्न माध्यमिकतर्फ ज्ञानोदय नमुना माध्यमिक विद्यालय प्रथम बन्यो। यस्तै, सोही खेलमा जनता मावि सन्तकुटि दोस्रो र जनसेवा मावि पुरैना गिजरा तेस्रो बने। निम्न माध्यमिक तहअन्तर्गत १०० मिटर दौडमा ज्ञानोदय नमुना मावि खजुरा प्रथम भयो। सोही खेलमा जेनिथ मावि खजुरा दोस्रो र जनकल्याण मावि शान्तिनगर तेस्रो भए। मेयर रनिङ शिल्डमा निम्न माध्यमिक तहतर्फ ८ सय मिटर दौडमा ज्ञानोदय नमुना मावि खजुरा प्रथम बन्यो। सोही खेलमा योगिनी मावि गौघाट दोस्रो र अमर मावि गौतमबस्ती तेस्रो बने।

निम्न माध्यमिक तहमा २ सय मिटर दौडतर्फ जेनिथ मावि खजुरा प्रथम भयो। सोही खेलमा ज्ञानोदय मावि खजुरा दोस्रो र अरूणोदय मावि खजुरा तेस्रो भएको खेलकुद विकास परिषद्का सदस्यसचिव छवि विष्टले जानकारी दिए। मेयर रनिङ शिल्डमा निम्न माध्यमिक तहअन्तरर्गत लङ्गजम्प खेलमा जनता मावि सन्तकुटि प्रथम, अरूणोदय मावि खजुरा दोस्रो र ज्ञानोदय नमुना मावि खजुरा तेस्रो बने।

शनिबार भएको खेलमै निम्न माध्यमिक तह ४ गुणा १०० मिटर रिले दौडमा ज्ञानोदय नमुना माध्यमिक विद्यालय प्रथम बन्यो। सोही खेलमा अरूणोदय मावि खजुरा दोस्रो र जेनिथ मावि खजुरा तेस्रो भए। शनिबार कराते खेल पनि सञ्चालन भएको फिल्ड मार्सल कृष्ण भण्डारीले जानकारी दिए।

प्रतियोगितामा कक्षा ९ देखि १२ माध्यमिकतर्फ एथलेटिक्स भलिबल र कबड्डी गरी जम्मा ३० इभेन्ट्समा छात्रा २६८ र छात्र २१६ गरी जम्मा ५८२ जना खेलाडीहरू सहभागी भएको सचिवालय संयोजक तथा शिक्षा शाखा प्रमुख खगेन्द्र मल्लले जनाए। आधारभूत तह कक्षा ६ देखि ८ सम्म १२ वटा इभेन्टमा छात्रा १२३ र छात्र १५२ गरी जम्मा २८५ खेलाडीहरू सहभागी भएका छन। प्राथमिक तहमा ६ वटा इभेन्टहरूमा कक्षा १ देखि ५ सम्मका लागि छात्रा १६८ र छात्र १७६ जना गरी जम्मा ३४४ जना खेलाडीहरू सहभागी छन्।

छात्रा ५६७ र छात्र ६५२ गरी जम्मा १ हजार २१९ खेलाडीहरूले जम्मा ५८ इभेन्ट्समा प्रतिस्पर्धा गर्ने गरी प्रतियोगिता सञ्चालन र व्यवस्थापन गरिएको फिल्ड मार्सल भण्डारीले जानकारी दिए। आइतबार थप खेलहरू सञ्चालन हुने र नतिजा पनि प्राप्त हुने रनिङ शिल्ड सञ्चालन तथा व्यवस्थापन गरिरहेको ज्ञानोदय नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापक ऋषिराम सापकोटाले जानकारी दिए। आइतबार पनि बिहान ८ बजेदेखि खेलहरू सञ्चालन हुने छन्।

# राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिता पुस १ गतेबाट




**मिसन संवाददता**
*धनगढी, २७ मंसिर*

कञ्चनपुरको बेलौरी नगरपालिकामा विद्यालयस्तरीय १६औं राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिता २०८२ आगामी पुस १ गतेदेखि ४ गतेसम्म आयोजना हुने भएको छ।

बेलौरी नगर खेलकुद समितिको नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका छात्रछात्राले सहभागिता जनाउने आयोजकले जनाएको छ। प्रतियोगिताअन्तर्गत भलिबल, कबड्डी, कराँते, तेक्वान्दो र एथलेटिक्स विधाका खेलहरू समावेश गरिने नगर खेलकुद समितिका अध्यक्ष रामेश्वर न्यौपानेले जानकारी दिए।

उनले विद्यालय तहबाटै खेलकुद प्रतिभाको पहिचान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताउँदै राष्ट्रपति रनिङ शिल्डले विद्यार्थीमा अनुशासन, नेतृत्व र प्रतिस्पर्धात्मक भावना विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादकः** बिनोद पौडेल। **कार्यकारी सम्पादकः** कृष्ण ओली। **कार्यालयः** कोहलपुर बाँके। नयाँ बानेश्वर, (मिलन चोक) काठमाडौं। **फोनः** ९८५१३१९६६९, ९८५८०२३०६९
**इमेलः** missiontodaydaily@gmail.com। **विज्ञापनका लागि इमेलः** adv.marketingmission@gmail.com। **मुद्रणः** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)। नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. भक्तपुर।